का.जि.प्र.का.द.नं. १००/०५९/६०
३० वैशाख २०८२, मंगलबार
13 May, 2025
Tuesday
मूल्य रु. ५/-


# मध्यान्ह

राष्ट्रिय दैनिक

वर्ष २३, अंक १०० । पृष्ठ ८ | Madhyanha National Daily | www.madhyanhadaily.com

# ओली र देउवाको चेपुवामा गभर्नर नियुक्ति

**अहिले समितिमा अर्थमन्त्री र अधिकारी मात्र छन्, जुन पूर्ण छैन । अब सरकारले यो समिति खारेज गरेर अर्को बनाउनुपर्छ अथवा १ जना सदस्य थप्नुपर्छ**




**निमिष झा / मध्यान्ह**
काठमाडौं, २९ वैशाख ।

२६ वैशाखमा बसेको नेपाली कांग्रेसको पदाधिकारी र पूर्वपदाधिकारीको बैठकमा सत्तारूढ नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवालाई पदाधिकारीहरूले प्रश्न गरे- 'नेपाल राष्ट्र बैंकको गभर्नर नियुक्त कहिले गर्नुहुन्छ ?'

देउवाले छोटो जवाफ दिए- 'चाँडै नियुक्ति हुन्छ ।' नेपाल राष्ट्र बैंकमा गभर्नर नियुक्तिको काम ढिलो भएको पदाधिकारीको गुनासोपछि देउवाको यस्तो जवाफ आएको थियो । पृष्ठ २ मा

## अन्योलमा नियुक्ति

गभर्नर नियुक्तिमा सिधा राजनीतिक हस्तक्षेप भएपछि नयाँ नियुक्ति प्रक्रिया अन्योलमा छ । केन्द्रीय बैंक नेतृत्वविहीन रहँदा देशको अर्थतन्त्र थप अन्योलमा धकेलिएको छ। आगामी आर्थिक वर्षको बजेट आउन १६ दिन मात्र बाँकी रहँदा सरकारको ढिलासुस्तीले गम्भीर नीतिगत संकट सिर्जना उत्पन्न भएको अर्थविद्हरू बताउँछन् । पृष्ठ २ मा

संविधान संशोधन

# गफमा बिते सरकारका १० महिना

**जीवन शर्मा / मध्यान्ह**
काठमाडौं, २९ वैशाख ।

संविधानमा अस्पष्ट रहेका कतिपय प्रावधानलाई स्पष्ट पार्न र नसमेटिएका विषय समेट्नेगरी संविधान संशोधनको एजेन्डासहित गठन भएको नेपाली कांग्रेस-नेकपा एमाले गठबन्धन सरकारको १० महिना गफैगफमा बितेको छ ।

१७ असार २०८१ मा भएको ७ बुँदे सहमतिअनुसार बनेको एमाले अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले आफैंले हस्ताक्षर गरेका एजेन्डालाई १० महिनासम्म गफमै सीमित राखेको हो ।

संसद्का प्रमुख २ दल नेपाली कांग्रेस र नेकपा एमालेले संविधानका कतिपय प्रावधान संशोधन गर्न राष्ट्रिय सहमतिको सरकार बनाउने र संविधानलाई अझै नागरिकमैत्री बनाउने एजेन्डा लिएका थिए । तर, अहिलेसम्म संविधान संशोधनको विषयलाई उनीहरूले औपचारिक रूपमा अघि बढाउन सकेका छैनन् ।

संविधानसभाले १० वर्षअघि बनाएको संविधानका कुन-कुन विषय संशोधन गर्ने भन्नेबारेसमेत दलहरू अहिलेसम्म स्पष्ट छैनन् ।

संविधानका कतिपय प्रावधान सुधार गर्नुपर्ने विषय विभिन्न क्षेत्रबाट उठ्दै आए पनि यससम्बन्धी सरकारको तहबाट हुनुपर्ने तदारुकता देखिएको छैन । सरकारका पक्षमा दुई तिहाइ नजिक सांसदहरू छन् । नेताहरूले चाहँदा सरकार बनाउनुपूर्व गरेका सहमति कार्यान्वयन गरेर जाने विषय ठूलो थिएन ।

यद्यपि, उनीहरूले सरकार गठनपछिको १० महिनासम्म संविधान संशोधनको विषयमा सार्वजनिक भाषणबाहेक केही गर्न नसकेका सरकार पक्षकै नेताहरूले टिप्पणी गरेका छन् ।

पुराना राजनीतिक दलहरूको कार्यशैली र कुशासनबाट प्रताडित नागरिकलाई कामबाट सकारात्मक सन्देश दिने योजनासहित बनेको वर्तमान सरकारबाट नागरिकका अपेक्षा पूरा हुन नसकेको नेपाली कांग्रेसका वरिष्ठ नेता डा. शेखर कोइरालाले दाबी गरे । 'यो सरकार जनतालाई भुलभुलैयामा राख्न मात्रै बनेको होइन', उनले भने, 'संसद्का २ ठूला दल मिलेर बनेको सरकारले आफ्ना एजेन्डालाई कार्यान्वयन गर्नुपर्‍यो तर त्यो हुन सकेको छैन । मुख्यगरी संविधान संशोधन गर्ने, स्थिरता र जनतालाई सुशासन दिने भनेर बनेको सरकारले जनताको वितृष्णा मेट्न सकेको छैन । यसमा सरकारमा सहभागी कांग्रेसको पनि कमजोरी रहेकाले सच्चिएर जानु जरुरी छ ।'

सत्तामै रहेका नेताहरूले टिप्पणी गरिरहँदा प्रधानमन्त्री केपी शर्मा ओलीले राष्ट्रिय सहमतिका पृष्ठ २ मा

> संविधान संशोधनका लागि कांग्रेस-एमालेबीच भएको सम्झौताअनुसार सबै पक्षसँगको अधिकतम सहमति खोजेर अघि बढ्छौं । सरकारमा रहेका व्यक्तिहरूको इच्छाले नभई सबैको इच्छा बुझेर समाजवाद उन्मुख व्यवस्थासहित संविधान संशोधन हुन्छ



● **केपी शर्मा ओली**
प्रधानमन्त्री

> यो सरकार जनतालाई भुलभुलैयामा राख्न मात्रै बनेको थिएन तर २ ठूला दल मिलेर बनेको सरकारले आफ्ना एजेन्डालाई कार्यान्वयन गर्न सकेको छैन । संविधान संशोधन, स्थिरता र जनतालाई सुशासन दिने भनेर बनेको सरकार र कांग्रेस पनि सच्चिनु जरुरी छ



● **डा. शेखर कोइराला**
नेता, नेपाली कांग्रेस

वैदेशिक रोजगार विशेष

# मलेसियामा एआईले खोस्दै छ नेपाली कामदारको रोजगारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २९ वैशाख ।

कृत्रिम बौद्धिकता अर्थात् एआईको द्रुत प्रयोग र एकीकरणले विश्वव्यापी उद्योगहरूलाई रूपान्तरण गरिरहेको छ । अदक्ष नेपाली कामदारको प्रमुख श्रम गन्तव्य मलेसिया पनि उक्त प्रभावको अपवाद छैन ।

मलेसियामा एआई संचालित अटोमेसनले अभूतपूर्व गतिमा उत्पादन क्षेत्रमा नवीन प्रभाव देखाइरहेको छ । मलेसियामा विशेषगरी रोजगारी स्थिरता, कामदारको संख्या र सीपमा एआईले अभूतपूर्व प्रभाव परिरहेको त्यहाँका संचारमाध्यमहरूले उल्लेख गरेका छन् । केही उद्योगहरूमा विदेशी कामदारहरूलाई विस्थापित गरिसकेको अध्ययनहरूले देखाएका छन् ।

मलेसियाको मानव संशाधन मन्त्रालयको तथ्यांकअनुसार मलेसियामा २०२० को सेप्टेम्बरदेखि २०२४ अन्त्यसम्म अटोमेसन र एआईका कारण २ लाख ९३ लाख ६३९ जनाले जागिर गुमाएका छन् । त्यसले म्यानुफ्याक्चरिङ अर्थात् उत्पादन क्षेत्र सबैभन्दा बढी प्रभावित गरेको छ ।




हाल मलेसियाको अन्य क्षेत्रको रोजगारीमा नयाँ कामदारको एप्रुभल खुला भएपनि म्यानुफ्याक्चरिङ क्षेत्रमा खुलेको छैन। म्यानुफ्याक्चरिङ क्षेत्रमा ७५ हजार ६१५ जनाले रोजगारी गुमाएका छन् । थोक र खुद्रा व्यापारमा ४३ हजार ६१४, व्यावसायिक र वैज्ञानिक सेवाहरू २३ हजार ९०७ हजार र सञ्चार तथा सूचना प्रविधि क्षेत्रमा १९ हजार ९३१ जनाको रोजगारी एआईले खोसेको देखिएको छ ।

एआईले प्रविधि विकास, डेटा व्यवस्थापन र एआई निरीक्षण जस्ता अन्य क्षेत्रहरूमा पनि रोजगारी संकुचित गरेको छ। रोजगारदाताहरूले एआई संचालित उपकरणहरूले उत्पादकता र दक्षता बढाएको र कामदारहरूलाई जटिल समस्या समाधान, रचनात्मकता र रणनीतिक निर्णय लिने कुरामा ध्यान केन्द्रित गर्न सहयोग गरिरहेको बताएका छन् ।

एआईको प्रयोगले मानव रोजगारी गुमेको छ । कम-दक्ष कर्मचारीहरूले ज्याला स्थिरता वा रोजगार विस्थापनको सामना गरिरहेका छन्। तर प्रविधि र एआई विकासमा उच्च-दक्ष कामदारहरूको माग बढ्दै जाँदा उनीहरूको ज्याला भने अस्वभाविकरूपमा नै बढेको छ।

मलेसियामा हाल ४ लाखको हाराहारीमा नेपाली कामदार रहेका छन् । मलेसिया सरकारले हालै सेवा क्षेत्रतर्फ होलसेल एन्ड रिटेल, सेक्युरिटी गार्ड, ल्यान्ड वेयरहाउजिङ, गोल्डस्मिथ्स, टेक्सटाइल, टुरिजम, कृषि क्षेत्रतर्फ फिसेरिज र लाइभस्टक तथा प्लान्टेसन र कन्स्ट्रक्सन क्षेत्रमा विदेशी कामदारको माग खुला गरेको छ ।

नयाँ एप्रुभल खुला भएको अवस्थामा तत्कालै उल्लेख्य मात्रामा डिमाण्ड आउने कतिपय वैदेशिक रोजगार व्यवसायीको आंकलन छ। तर मलेसियाको मानव संशाधन मन्त्रालयले सार्वजनिक गरेको प्रविधिको प्रयोगसम्बन्धी तथ्यांकले मलेसियाबाट पहिले जसरी ठूलो संख्यामा मागपत्र आउने विषयमा आशंका जन्माइदिएको कतिपयको टिप्पणी छ ।

सशस्त्रमा एआईजी बढुवा

# १ दरबन्दीमा ९ जनाको प्रतिस्पर्धा

**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, २९ वैशाख ।

नेपालको अर्धसैनिक सुरक्षा निकायको जिम्मेवारीमा रहेको सशस्त्र प्रहरी बलमा खाली रहेको १ जना अतिरिक्त महानिरीक्षक (एआईजी)का लागि ९ जना प्रहरी नायब महानिरीक्षक (डीआईजी) प्रतिस्पर्धामा छन् ।

३० वर्षे सेवा अविधि सकेर गत ३ वैशाखमा एआईजी चन्द्रप्रकाश गौतम अनिवार्य अवकासमा गएसँगै एआईजी पदमा १ जनाको दरबन्दी रिक्त छ ।

यसै पटक एआईजी बनेका अधिकृत नै सशस्त्र प्रहरी प्रमुख (आईजीपी) बन्ने बाटो तय गर्नका लागि प्रतिस्पर्धामा तीव्र लडाइँ देखिएको हो । खाली रहेको १ एआईजीका लागि १४ वैशाख आवेदन आह्वान भएको थियो, जसमा ९ जनाले आवेदन दिएको सशस्त्र प्रहरी बल हलचोकले जनाएको छ ।

आवेदन दिनेमा कमल गिरी, गणेश ठाडा मगर, कुलबहादुर नेम्बाङ, शम्भु सुवेदी, लक्ष्मणबहादुर सिंह, कालीदास धौबोजी, प्रदीप पाल, सुरेश श्रेष्ठ र अञ्जनीकुमार पोखरेल रहेका छन् ।

> एआईजी बढुवाका लागि आवेदन दिनेमा डीआईजीहरू कमल गिरी, गणेश ठाडा मगर, कुलबहादुर नेम्बाङ, शम्भु सुवेदी, लक्ष्मणबहादुर सिंह, कालीदास धौबोजी, प्रदीप पाल, सुरेश श्रेष्ठ र अञ्जनीकुमार पोखरेल छन्

सशस्त्र प्रहरी संगठनमा १६ जना डीआईजी छन् । तीमध्ये ९ जनाले एआईजीको प्रतिस्पर्धाका लागि आवेदन दिएको बताइएको छ, जसमा वरीयताका आधारमा ५ नम्बरमा रहेका कुमार न्यौपानेले भने आवेदन दिएका छैनन् ।

मेरिटका आधारमा बढुवा भए आफ्नो सम्भावना नदेखेका न्यौपाने बढुवा सूचीमा नगएका हुन् । आवेदन दिएकामध्ये पनि कमल गिरी, गणेश ठाडा मगर, कुलबहादुर नेम्बाङ र शम्भु सुवेदी गरी ४ जनाबीच कडा प्रतिस्पर्धा हुने सशस्त्र प्रहरी बलका एक अधिकृतले दाबी गरेका छन् । यिनै ४ जनामध्येबाट १ जना एआईजी हुने उनको भनाइ छ ।

सशस्त्रमा नेपाल प्रहरीमा जस्तो नभई वरिष्ठताकै आधारमा बढुवा हुँदै आएको अधिकारीहरू बताउँछन् । सोही प्रक्रियाबाट बढुवा गरिए १ नम्बरमा रहेका कमल गिरी एआईजी बन्ने निश्चित छ । तर, प्रतिस्पर्धामा रहेका डीआईजीहरू राजनीतिक रूपले शक्तिशाली रहेका बताइन्छ । उनीहरूले अहिले शक्ति केन्द्र धाइरहेका छन् ।

आगामी आईजीपीकै लाइनमा पुग्ने भएकाले अहिले बढुवा प्रतिस्पर्धामै पहिलो हुन उम्मेदवारहरूले राजनीतिक शक्ति केन्द्र धाउन थालेको बताइएको छ । सशस्त्र पृष्ठ २ मा

मध्यान्ह
www.madhyanhadaily.com
३० वैशाख २०८२ मंगलबार
13 May 2025, Tuesday

# समाजवादी गणतन्त्र निर्माणमा साथ दिन प्रचण्डको आग्रह

**सुर्खेत/मस**–नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले समाजवादी गणतन्त्र निर्माणमा साथ दिन सबैलाई आग्रह गरेका छन् ।

कर्णाली प्रदेशको राजधानी वीरेन्द्रनगर, सुर्खेतमा सुरू भएको पार्टीको भातृ संगठन वाइसीएल (योङ कम्युनिस्ट लिग)कर्णाली प्रदेश समितिको प्रथम सम्मेलनलाई सम्बोधन गर्दै उनले माओवादी केन्द्र समाजवादी अभियानमा रहेको बताए । सो अभियानलाई अझ तीव्र बनाउने उनले घोषणा गरे ।

अहिलेको सरकारले नीति तथा कार्यक्रममा कर्णाली प्रदेशमाथि देखाएको व्यवहारप्रति अध्यक्ष दाहालले असन्तुष्टि जनाएको छ ।

उनले भने, 'हामी सरकारको नेतृत्वमा रहँदा अन्तरराष्ट्रिय क्षेत्रमा नेपाल र नेपाली जनताको इज्जत र प्रतिष्ठा बढाउने काम गर्‍यौं ।'



पूर्व प्रधानमन्त्रीसमेत रहेका अध्यक्ष प्रचण्डले वर्तमान सरकारले 'कर्णाली समृद्धि कार्यक्रम' हटाएर यस प्रदेशका जनतामाथि विभेद, अपमान र अन्याय गर्न खोजेको आरोप लगाए । कर्णाली क्षेत्र नेपाली क्रान्तिको ऐतिहासिक केन्द्र भएकाले उनले प्रदेशको समृद्धिका लागि माओवादी नेतृत्वले सधैं प्राथमिकता दिएको उल्लेख गरे ।

पार्टीले जनता र आफ्नो वर्गसँग सम्बन्ध सुधारका लागि केन्द्रीय समितिबाट निर्णय गरेर जनतासँग माओवादी अभियान अघि सारेको उल्लेख गरे । सोही अभियानअन्तर्गत तराई-मधेस अभियान सम्पन्न गरी 'मध्यपहाडी लोकमार्ग अभियान' सुरू गरिएको जानकारी दिए ।

अध्यक्ष प्रचण्डले माओवादी केन्द्र संविधान संशोधनको पक्षमा रहेको उल्लेख गर्दै दलित, महिला, मधेशी, थारू, मुस्लिम र आदिवासी जनजातिलाई समेट्दै समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न संविधान संशोधन आवश्यक रहेको बताए ।

उनले भने,'हामी प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखसहितको शासकीय स्वरूप चाहन्छौं । अहिलेको निर्वाचन प्रणाली खर्चिलो, अपारदर्शी र जनविरोधी छ । यसले जनताको प्रतिनिधित्व होइन, पैसाको चलखेललाई संस्थागत गरिरहेको छ ।' सम्मेलनमा कर्णाली प्रदेशका १० वटै जिल्लाबाट वडास्तरका ७१८ प्रतिनिधि सहभागी छन् । दुई दिनसम्म चल्ने सम्मेलनमा सांगठनिक सुदृढीकरण, राजनीतिक प्रशिक्षण, र भावी कार्ययोजनाबारे छलफल हुने जनाइएको छ ।

# 'खानेपानीका क्षेत्रमा जनताले महसुस गर्नेगरी काम भएको छ'



**बारा/मस**– खानेपानीमन्त्री प्रदीप यादवले देशभरका खानेपानीका क्षेत्रमा नागरिकले प्रत्यक्ष रूपमा देख्ने र महसुस गर्ने गरी काम भएको बताएका छन् ।

बाराको कलैया उपमहानगरपालिकास्थित सिस्वा महेशपुर खानेपानी आयोजनाको शिलान्यास कार्यक्रमलाई सम्बोधन गर्दै उनले देशभरका खानेपानीका समस्या समाधानमा सिङ्गो मन्त्रालयले काम गरीरहेको जानकारी दिए ।

उनले भने, 'हामीले योजना मात्रै होइन, परिणाम देखिने कामलाई प्राथमिकता दिएका छौं । नागरिकले अनुभूति गर्न सक्ने काममा सरकार प्रतिबद्ध छ ।' पानीको गुणस्तर, पहुँच र व्यवस्थापनमा सुधार ल्याउन मन्त्रालयले निरन्तर काम गरिरहेको मन्त्री यादवले उल्लेख गरे ।

उनले भने, 'हाम्रो अबको प्राथमिकता भनेको तराई-मधेससहित देशका ग्रामीण बस्तीमा शुद्ध खानेपानी पुर्‍याउने हो, यसका लागि प्रदेश र स्थानीय सरकारसँग सहकार्यमा काम भइरहेको छ ।'

शिलान्यास गरिएको उक्त आयोजनाले कलैया उपमहानगरपालिकाका करिब १५ हजार ५६५ जनसंख्या प्रत्यक्ष रूपमा लाभान्वित हुनेसंघीय खानेपानी तथा ढल व्यवस्थापन आयोजना कार्यालय वीरगञ्जका प्रमुख बिपुलकुमार दासले जानकारी दिए ।

# संघीयताको पक्षमा बजेट निर्माण गर्न एफएलसीको सुझाव

राजकुमार के.सी./मध्यान्ह
मकवानपुर २९, वैशाख ।

फेडरलिज्म एण्ड लोकलाइजेसन सेन्टर (एफएलसी) ले उपप्रधान एवं अर्थमन्त्री विष्णु पौडेललाई संघीयतामैत्री बजेट निर्माण गर्नका लागि ५२ बुँदे सुझाव दिएको छ । सरकार आगामी आर्थिक वर्षको बजेट निर्माणको अन्तिम चरणमा रहेका बेला संघीयताको सबलीकरणका निम्ति आवश्यक ऐन-कानुन र बजेट विनियोजनसम्बन्धी सुझाव उक्त ५२ बुँदामा समेटिएका छन् । एफएलसीका पदाधिकारीले अर्थमन्त्री पौडेललाई उनकै कार्यकक्षमा भेटी संघीयताको पक्षमा प्रदेश र स्थानीय तहलाई मजबुत बनाउन आगामी बजेटमा आवश्यक व्यवस्था गर्न सुझाव दिएका हुन् ।

एफएलसीले संघीयता कार्यान्वयन कार्ययोजना र संविधान संशोधन, वित्तीय हस्तान्तरण र परियोजनाको कार्यान्वयन, प्रहरी समायोजन, कानुनको निर्माण र जग्गा प्राप्तिलगायत विषयमा केन्द्रित रहेर सरकारलाई सुझाव दिएको एफएलसीका अध्यक्ष एवं संघीयताविद् डा. खिमलाल देवकोटाकोले अर्थमन्त्रीलाई ५२ बुँदे सुझाव दिएको बताए ।



बजेट अंक मात्र होइन, त्यसमा प्रशासन, कानुनका कुरा पनि जोडिन्छन् । त्यसैले संघीयताको सबलीकरणका निम्ति सरकारले समग्रमा गर्नुपर्ने कामलाई सुझावका रूपमा बुझाएको अध्यक्ष डा.देवकोटाले बताए । सुझाव ग्रहण गर्दै अर्थमन्त्री पौडेलले संघीयताको सबलीकरण सरकारको प्राथमिकता भएकाले बजेट निर्माणमा एफएलसीको सुझावले सहयोग पुर्‍याउने बताए । अर्थमन्त्रीसँगको भेटमा एफएलसीका कार्यकारी निर्देशक एवं पूर्वसांसद प्रकाश पन्थ, संविधानसभा सदस्य तथा एफएलसीका कार्यक्रम निर्देशक प्रह्लाद लामिछाने, अर्थ सचिब घनश्याम उपाध्यायलगायत सहभागी थिए । संघीय शासन प्रणालीको सबलीकरण, तहगत अन्तर सम्बन्ध, लोकतन्त्र तथा समावेशी शासन प्रवर्द्धनका उद्देश्यले स्थापित एफएलसीले अध्ययन, अनुसन्धान, संवाद र पैरवीमार्फत संघीयता सबलीकरणमा योगदान दिँदै आएको कार्यक्रम निर्देशक प्रह्लाद लामिछानेले बताए ।

# गोरखानाथ मन्दिरमा सवा लाख रोट महोत्सव सुरु



**गोरखा/मस**– प्रसिद्ध धार्मिकस्थलका रूपमा रहेको गोरखाको गोरखनाथ मन्दिरमासवा लाख रोट महोत्सव सुरु भएको छ । विश्व शान्तिको कामनासहित सिद्धाश्रम शक्ति केन्द्र नेपालको आयोजनामा जिल्लामा धार्मिक पर्यटक भित्र्याउने उद्देश्यसहित २२औं सवा लाख रोट महोत्सव सुरू भएको हो ।

रोटलाई गुरु गोरखानाथको मन पर्ने खाद्य परिकारका रूपमा लिइन्छ । एघार दिनसम्म चल्ने महोत्सवको उद्घाटन कार्यक्रमका अवसरमा सदरमुकामको हरमटारी चोकबाट गोरखा दरबारस्थित गोरखनाथ गुफासम्म कलश तथा रथयात्रा निकालिएको सिद्धाश्रम शक्ति केन्द्र गोरखाका संयोजक किशोरकुमार अकेलाले जानकारी दिए ।

'मन्दिरमा दैनिक रूपमा रोट चढाउने प्रचलन रहे पनि विगत २२ वर्षदेखि यसलाई महोत्सवका रूपमा अगाडि बढाउन थालिएको छ । महोत्सव अवधिभर गोरखनाथलाई सवा लाख रोट चढाउने गरिन्छ', उनले भने ।

गोरखनाथ पहिलोपटक गोरखाको पवित्रस्थल गोरखानाथ गुफामा प्रकट भएको विश्वास रहेको छ । सोही विश्वासका साथ मन्दिरमा रोट चढाउने प्रचलन रहँदै आएको हो । चामलको पीठो, नरिवल, ल्वाङ, अलैंची, चिनीलगायत ५२ प्रकारका मसला घ्यूमा मिसाएर पकाइन्छ ।

तत्कालीन नेपाल एकीकरणका समयमा पृथ्वीनारायण शाहले आफ्ना सेनालाई प्रसादका रूपमा एउटा रोट, एकमाना पानी खुवाएपछि भोक नलागेको र लामो समय लडाइँ लड्न सकेको भन्ने भनाइसमेत रहेको छ । यसैले रोटलाई शक्तिवर्द्धक खाद्य परिकारका रूपमा पनि लिने गरिएको छ ।

संयोजक अकेलाका अनुसार यहाँ महोत्सवमा आउने धार्मिक पर्यटकका लागि आयोजकले नै खाने, बस्ने व्यवस्था मिलाएको छ । यसपटक ५० हजारभन्दा बढी धार्मिक पर्यटक महोत्सवमा सहभागी हुने अनुमान गरिएको छ ।

# २ मोटरसाइकल ठोक्किँदा १ जनाको मृत्यु, २ घाइते



**काठमाडौं/मस**– काठमाडौंस्थित सुन्धारामा दुईवटा मोटरसाइकल एक-आपसमा ठोक्किएर सोमबार भएको दुर्घटनामा १ जनाको मृत्यु भएको छ । उक्त दुर्घटनामा अन्य २ जना घाइते भएका छन् ।

काठमाडौं महानगरपालिका-२२ स्थित काठमाडौं मल अगाडि बा ३४ प ४३२० नम्बरको मोटरसाइकल र रा ७ प ८७९५ नम्बरको मोटरसाइकल एकआपसमा ठक्कर खाई सोमबार भएको दुर्घटनामा बा ३४ प ४३२० नम्बरको मोटरसाइकल चालक ललितपुर इमाडोल बस्ने तनहुँ आँबुखैरेनीका ४६ वर्षीय सन्तोषकुमार गुरूङको मृत्यु भएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी उपरीक्षक अपीलराज बोहराले जानकारी दिए ।

दुर्घटनामा गम्भीर घाइते भएका उनको राष्ट्रिय ट्रमा सेन्टरमा उपचारका क्रममा मृत्यु भएको प्रहरीले जनाएको छ । साथै दुर्घटनामा घाइते भएका सोही मोटरसाइकलमा सवार एक जना र रा ७ प ८७९५ नम्बरको मोटरसाइकल चालकको सोही अस्पतालमा उपचार भइरहेको छ ।

## ओली...

हुनत कांग्रेस पदाधिकारी बैठकको एजेन्डा भने यो थिएन तर गभर्नर नियुक्तिमा भइरहेको तीव्र राजनीतिक हस्तक्षेप देखेर पदाधिकारीहरूले सभापति देउवालाई प्रश्न गरेका थिए ।

**कहाँ अड्कियो हलो ?**

नेपाल राष्ट्र बैंकको कार्यकारी निर्देशकबाट राजीनामा दिएर गभर्नर बन्न डा. गुणाकर भट्ट तयार थिए । सत्ता साझेदार कांग्रेसले भट्टको नाम सिफारिस गरेको थियो । तर, अर्को मुख्य सत्ता साझेदार एमालेले भट्टको नाममा सहमति नजाएपछि गभर्नर नियुक्ति प्रक्रिया पेचिलो बन्दै गएको छ ।

'कांग्रेसले भट्टलाई नै गभर्नर बनाउन खोजेका हौं तर सिंगो कांग्रेस लाग्दा पनि सकिएन', कांग्रेसका एक पदाधिकारी भन्छन् ।

प्रधानमन्त्री केपी ओलीले भट्टलाई गभर्नर नबनाउने संकेत पाएपछि कांग्रेसले अर्थविद् तथा राष्ट्रिय योजना आयोगका पूर्वउपाध्यक्ष डा. विश्व पौडेललाई नयाँ गभर्नरमा अगाडि सारेको छ । पौडेल कांग्रेस महासमिति सदस्य पनि हुन् र २०७९ सालको निर्वाचनमा पौडेल चितवन- १ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार थिए । उनी पराजित भएका थिए ।

शनिबार बालुवाटारमा प्रधानमन्त्री ओलीसँगको भेटमा कांग्रेस सभापति देउवाले यदि भट्टलाई गभर्नर बनाउन नसकिने भए पौडेललाई बनाउन प्रस्ताव गरे । बैठकमा प्रधानमन्त्री ओलीसहित उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेल, गृहमन्त्री रमेश लेखक, परराष्ट्रमन्त्री डा. आरजु राणाको पनि उपस्थिति थियो ।

'भट्टलाई गभर्नर बनाउन नसकिएपछि सभापतिले नयाँ नाम दिनुभएको छ । विश्व पौडेलको नाम सभापतिले अगाडि सार्नुभएको छ', कांग्रेस मुख्य सचिव कृष्णप्रसाद पौडेलले भने ।

पौडेल सरकारद्वारा गठित गभर्नर सिफारिस समितिका सदस्य पनि थिए । पौडेल गभर्नरको प्रतिस्पर्धामा आएपछि समितिबाट राजीनामा दिएका हुन् ।

अर्थमन्त्री विष्णु पौडेल संयोजकत्वमा रहेको समितिमा अब नेपाल राष्ट्र बैंकका निवर्तमान गभर्नर महाप्रसाद अधिकारी मात्र सदस्य छन् ।

कांग्रेसका एक नेताका अनुसार अहिलेसम्मको अवस्थामा पौडेलको नाम लगभग पक्का छ । तर, सिंगो पार्टी नै लाग्दा पनि भट्टलाई बनाउन नसक्नु नेतृत्वको कमजोरी भएको उनी बताउँछन् ।

'पौडेल पनि विवादित व्यक्ति हुन् तर पनि भट्ट नभएपछि पौडेल ठीक होला भनेर सभापतिले उनको नाम अघि सार्नुभएको हो', उनले भने । उनी राजनीतिबाट प्रेरित व्यक्तिलाई गभर्नर बनाउँदा समग्र अर्थतन्त्र खलबलिन सक्नेतर्फ संकेत गर्दै नेतृत्वले विचार पुर्‍याउनुपर्ने बताउँछन् ।

पौडेल सिफारिस हुनुअघि नै पार्टीको सदस्यबाट राजीनामा दिन लगाएर उनलाई योग्य बनाउने सम्भावना पनि देखिन्छ । तर, पार्टीको सदस्य रहेको व्यक्ति गभर्नर बन्न नहुने भन्दै अदालतमा रिट परेमा उनको गभर्नर बन्ने चर्चामा आएपछि विवादमा पर्न सक्ने देखिन्छ । यसपछि यो प्रक्रिया झन् गिजोलिने सम्भावना पनि बढेको छ ।

यसअघि सिफारिस समिति सदस्यबाट पूर्वगभर्नर विजयनाथ भट्टराईले नियुक्ति प्रक्रियामा राजनीतिक हस्तक्षेप बढेको भन्दै असन्तुष्टि जनाएर राजीनामा दिएका थिए । भट्टराईले राजीनामा दिएपछि अधिकारीलाई सदस्य बनाइयो तर उक्त समिति बनेको लामो समय बितिसक्दा पनि १ पटक पनि बैठक बस्न सकेन ।

अहिले समितिमा अर्थमन्त्री र अधिकारी मात्र छन्, जुन पूर्ण छैन । अब सरकारले यो समिति खारेज गरेर अर्को बनाउनुपर्छ अथवा १ जना सदस्य थप्नुपर्छ । समितिले बढीमा ३ जनाको नाम सरकारलाई सिफारिस गर्नुपर्छ । समितिले सिफारिस गरेकामध्ये १ जनालाई मन्त्रिपरिषद्ले नियुक्त गर्छ ।

अहिले कांग्रेसले भट्टको विकल्पमा पौडेलको नाम अघि सारेपछि गभर्नर नियुक्ति प्रक्रियाले नयाँ मोड लिएको छ । यसअघि देउवा र ओलीले भट्टलाई नै गभर्नर बनाउने सहमति गरेका थिए । त्यसैअनुसार भट्टले ५ वैशाखमा कार्यकारी निर्देशकबाट राजीनामा पनि दिएका थिए । तर, राष्ट्र बैंककी कायममुकायम गभर्नर नीलम ढुंगानाले उनको राजीनामा स्वीकृत नगरेपछि सहमति कार्यान्वयनमा आउन सकेको छैन ।

प्रधानमन्त्री ओली र अर्थमन्त्री पौडेलको निर्देशनमा ढुंगानाले भट्टको राजीनामा स्वीकृत नगरेकी हुन् । ओलीले ढुंगानालाई नै गभर्नर बनाउन चाहेका छन् तर उनी खुलेर आउन सकेका छैनन् ।

## अन्योलमा...

नेपाल राष्ट्र बैंक ऐन, २०५८ अनुसार गभर्नरको कार्यकाल सकिनुभन्दा १ महिनाअघि नै नयाँ गभर्नरको नियुक्ति गरी सार्वजनिक जानकारी गराउनुपर्ने स्पष्ट कानुनी व्यवस्था छ । तर, २४ चैतमा गभर्नर महाप्रसाद अधिकारीको कार्यकाल सकिएपछि हालसम्म पनि नयाँ नियुक्ति हुन सकेको छैन ।

बैंक अहिले कार्यबाहक गभर्नर ढुंगानाको भरमा चलिरहेको छ । तर, उनलाई गभर्नर सरहको अधिकार नभएकाले नीतिगत निर्णयहरू प्रभावित भएका छन् ।

निवर्तमान गभर्नर अधिकारीलाई सिफारिस समितिमा चयन गर्ने सरकारको निर्णय पनि विवादित बनेको छ । ऐनअनुसार पूर्वगभर्नर समिति सदस्य हुन सक्ने व्यवस्था छ । निवर्तमान गभर्नरलाई 'पूर्व' मानेर सदस्य बनाइनु प्राविधिक र नैतिक हिसाबले नमिल्ने राष्ट्र बैंकका वरिष्ठ अधिकारीहरू बताउँछन् ।

कार्यबाहकको जिम्मेवारीमा रहेकी डेपुटी गभर्नर ढुंगाना आफैं पनि गभर्नर बन्न प्रयासरत छन् । सुरुमा गभर्नरका लागि एमालेले ढुंगानाको नाम अघि सारेको थियो तर कांग्रेसले गभर्नरमा आफ्नो दाबी कायमै राखेपछि एमाले पछि सरेको छ । अहिले भने फेरि सिफारिस समिति सदस्यमा अधिकारीको प्रवेश भएपछि गभर्नर नियुक्ति थप पेचिलो बनेको छ ।

अर्थविद्हरू गभर्नर जस्तो पदलाई सरकारले कमजोर बनाएको टिप्पणी गर्छन् । अस्वाभाविक राजनीतिक हस्तक्षेप गरेर कांग्रेस र एमालेले यसको गरिमा र महत्त्व घटाएका उनीहरू बताउँछन् ।

**पुनरावृत्ति हुँदै**

२०६१ सालमा कांग्रेस सभापति शेरबहादुर देउवा प्रधानमन्त्री थिए । त्यस बेला पनि गभर्नर नियुक्ति अहिलेकै जस्तो पेचिलो बनेको थियो । त्यति बेला पनि कांग्रेस र एमालेको संयुक्त सरकार थियो । प्रधानमन्त्री देउवा थिए भने एमालेबाट उपप्रधान तथा अर्थमन्त्री भरतमोहन अधिकारी थिए ।

त्यति बेला पनि कांग्रेस र एमालेमध्ये कसले गभर्नर बनाउने भन्ने विषयमा द्वन्द्व चलेको थियो । अहिले अर्थमन्त्री र प्रधानमन्त्री एउटै दलका भए पनि यिनै २ सत्ता साझेदार दलबीच कसले गभर्नर पद पाउने ? भन्नेमा विवाद चलेको छ ।

## गफमा...

आधारमा संविधान संशोधनको प्रक्रियालाई अघि बढाउने प्रतिबद्धता व्यक्त गरेका छन् । आइतबार सरकारको नीति तथा कार्यक्रममाथिको छलफलमा आएका जिज्ञासाको जबाफ दिँदै प्रधानमन्त्री ओलीले कांग्रेस र एमालेबीच भएको सहमतिअनुसार संविधान संशोधन गरिने बताए ।

'संविधान संशोधनका लागि अधिकतम सहमति खोजेर कांग्रेस-एमालेबीच भएको सहमतिअनुसार अघि बढ्छौं', उनले भने, 'सरकारमा रहेका व्यक्तिहरूको इच्छाले नभई सबैको इच्छा बुझेर सहमति खोजेर संविधानको संशोधन हुन्छ । संविधानमा समाजवादोन्मुख व्यवस्था गरिनुपर्छ ।'

लोकतन्त्रको सुदृढीकरणका लागि वर्तमान सरकार बनेकालेले संविधान, कानुनको पालना गर्न र आवश्यकताअनुसार संविधान नै संशोधन गरेर जानुपर्ने अवस्थामा आफूहरू रहेको उनको भनाइ छ । स्थिरता, सुशासनका साथै मुलुकलाई विकासको बाटोतर्फ अघि बढाउनेगरी सरकारको कार्यक्रम ल्याएको उनले दाबी गरे ।

वर्तमान राजनीतिक व्यवस्थामाथि अनेक ढंगबाट प्रहार भइरहँदा ठूला दलहरू मिलेर सरकार चलाउने र नागरिकका वितृष्णा मेट्दै आशा जगाउने शीर्ष नेताहरूको अभिव्यक्ति भाषणमा सीमित छ । नेपाली कांग्रेस निकट बुद्धिजीवी विभाग, लोकतान्त्रिक कानुन व्यवसायी संघलगायत केही संगठनहरूले संविधान संशोधनका विषयमा बहस चलाए पनि पार्टीले औपचारिक रूपमा कुनै संरचना बनाएर अघि बढेको छैन । सत्ताको नेतृत्वकर्ता दल नेकपा एमालेमा त यो विषय बहसमा समेत आएको छैन ।

यद्यपि, पार्टीका नेताहरू भने यो विषयमा भाषण गर्दै हिँडेका छन् । संविधान संशोधनका ओठेभक्तिलाई कार्यान्वयन तहमा ल्याउनुपर्ने चुनौती सत्तारूढ दलमाथि छ । तर, संविधान संशोधन कांग्रेस र एमालेले मात्र गर्न नसक्ने र यसका लागि साझा राजनीतिक सहमतिको आवश्यकता पर्ने कानुनविद्हरू बताउँछन् ।

संविधानलाई सर्वस्वीकार्य बनाउन नागरिक स्तरमै बहस चलाउनुपर्ने संविधानविद् यदुनाथ खनालले बताए । 'संविधान संशोधन अहिलेको आवश्यकता हो', उनले भने, 'तर, संशोधन गर्दा आमरूपमा स्वीकार्य बनाउन कुनै दलले बहुमतकै आधारमा नभई सर्वदलीय/सर्वपक्षीय छलफल र सुझावहरू लिनुपर्छ ।'

२०६४ सालमा भएको पहिलो संविधानसभाको निर्वाचनले संविधान जारी गर्न नसकेपछि २०७० सालमा दोस्रो संविधानसभाको निर्वाचन भएको थियो । सोही संविधानसभाबाट ३ असोज २०७२ मा वर्तमान 'नेपालको संविधान, २०७२' जारी भएको थियो ।

नेपालको करिब ७८ वर्षे इतिहासमा वैधानिक कानुन वा संविधानको रूपमा ७ वटा संविधानले देशको मूल कानुनको रूपमा मान्यता पाइसकेका छन् । तर, कुनै पनि संविधानले स्थायित्व पाउन नसकेका इतिहास छ ।

## १ दरबन्दीमा...

प्रहरी ऐन बनेर कार्यान्वयनमा नगएको अवस्थामा सशस्त्रका अहिलेका महानिरीक्षक राजु अर्यालको कार्यकाल १८ वैशाख २०८३ मा सकिँदै छ । उनीपछि वर्तमान एआईजी नारायणदत्त पौडेल आईजीपी बन्ने करिब पक्का छ । वरिष्ठताका आधारमा उनी १ नम्बरमा छन् । एआईजी पौडेलले सशस्त्र प्रहरी बल नेपालको कार्य विभागको कमान्ड सम्हालिरहेका छन् ।

यद्यपि, वरीयतामा तल रहेका एआईजी बंशिराज दाहालले पौडेललाई उछिनेर आईजी हुन अस्वाभाविक चलखेल गर्दै आएका भन्दै संगठनभित्रै उनको टिप्पणी हुन थालेको छ । तर, उनी विवादित व्यक्ति हुन् ।

२१ भदौ २०७९ मा मन्त्रिपरिषद् बैठकले सशस्त्र प्रहरीमा १ एआईजी दरबन्दी थप गरेर उनलाई तानेको थियो । अर्यालपछि बन्ने आईजीपीको कार्यकाल सकिएपछि अहिले एआईजीमा बढुवा हुनेहरूमध्येबाटै आईजीपी बन्ने छन् । सशस्त्र प्रहरी बलमा ३ जना एआईजी र १६ जना डीआईजीको दरबन्दी छ ।

प्रारम्भमा अल्पकालीन राजनीतिक लक्ष्य हासिल गर्न, विशेषगरी तत्कालीन माओवादी विद्रोहीविरुद्ध लड्न अन्य सुरक्षा अंगलाई सघाउ पुर्‍याउने उद्देश्यले स्थापना गरिएको भए पनि यसको भूमिका विस्तार हुँदै गएको छ । सुरुमा नेपाली सेनाबाट १२० र नेपाल प्रहरीबाट करिब १० हजार जनाको सरुवा गरी २०५७ सालमा स्थापना गरिएको सशस्त्र प्रहरी बलका पहिलो महानिरीक्षक कृष्णमोहन श्रेष्ठ हुन् ।

१० हजार जनाबाट सुरु भएको यो संगठनमा अहिले सबै तहका गरी ३७ हजारभन्दा बढी दरबन्दी छ । सशस्त्र प्रहरी बल ऐनको दफा ६ अनुसार सशस्त्र प्रहरी बललाई नेपाल सरकारले कानुन तथा सुव्यवस्था, शान्ति तथा सुरक्षा कायम गर्न, विद्रोह, पृथक्तावादी गतिविधि, आतंकवाद तथा सशस्त्र विद्रोहको सामना गर्न, भीड तथा दंगा नियन्त्रण गर्न, प्राकृतिक प्रकोप व्यवस्थापनमा सहयोग पुर्‍याउन र सीमा सुरक्षालगायतका कार्यमा परिचालन गर्दै आएको छ ।

३७ हजार फोर्सको नेतृत्व गर्ने तयारीस्वरूप अहिलेका डीआईजीहरू एआईजीमा बढुवा हुन जोडतोडका साथ लागेका हुन् ।

# 'हामीले भनेपछि भारत र पाकिस्तानबीच लडाइँ रोकियो'



**काठमाडौं/मस-** प्रधानमन्त्री केपी शर्मा ओलीले आफूहरूले कुरा गरेपछि भारत र पाकिस्तानबीच लडाइँ रोकिएको बताएका छन् ।

लुम्बिनीमा सोमबार आयोजित २५६९ औं बुद्ध जयन्ती मूल समारोह कार्यक्रममा प्रधानमन्त्री ओलीले भारत र पाकिस्तानले संयम अपनाएकोमा उनीहरूलाई धन्यवाद पनि दिए । उनले भने, 'झण्डै-झण्डै केही दिन अगाडि मात्रै हाम्रै छिमेकमा अलिकति हात हालाहाल भएको थियो । तर त्यो हात हालाहाल बढ्न पाएनन् । संयमका लागि उहाँहरूलाई धन्यवाद छ ।'

प्रधानमन्त्री ओलीले आफूहरूले सुरुदेखि हात हालाहालको स्थिति विस्तार हुन नपाओस् र लडाइँमा परिणत हुन नपाओस् भन्ने कामना गरेको बताए । उनले भने,'उहाँहरुसित पनि कुरा गऱ्यौं, नभन्दै उहाँहरूले लडाइँमा जान नदिने प्रतिबद्धता व्यक्त गर्नुभयो । फेरि पनि केही खसखस र आरोप प्रत्यारोपको स्थिति छ ।'

प्रधानमन्त्री ओलीले विश्व मानव अस्तित्व र पृथ्वीको सुरक्षाका लागि बुद्धको सन्देश फैलाउनु आवश्यक रहेको बताए ।

उनले सबै कुराका लागि शान्तिको महत्त्व भएको पनि बताए । 'आज जतिबेला मास डिस्ट्रक्सनका हतियारहरूको निर्माण र त्यसको थुप्रो लगाउने काम भइरहेको छ, यो मानव अस्तित्व र धर्तीको अस्तित्वको लागि बहुत खतरनाक चिज हो । यस खतरनाक चिजबाट उन्मुक्तिका लागि हामी फेरि पनि विश्व शान्तिको पक्षमा रहनुपर्दछ र काम गर्नुपर्दछ,' उनले भने । त्यसमा गौतम बुद्धका वाणीहरू र सन्देशहरू सधैँ सान्दर्भिक रहेको उनले बताए ।

लुम्बिनीमा संरक्षण प्रयोगशाला

पुरातात्विक वस्तुहरूको संरक्षण गर्ने उद्देश्यले लुम्बिनीमा संरक्षण प्रयोगशाला (ल्याब) सुरु भएको छ । प्रयोगशालाको संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री बद्री पाण्डेयले प्रयोगशालाको विधिवत् सुरुवात गरेका हुन् ।

मन्त्री पाण्डेयले नेपालमै पहिलो अत्याधुनिक संरक्षण प्रयोगशाला स्थापनाले सम्पदा संरक्षणमा महत्वपूर्ण योगदान गर्ने बताए । उनले प्रयोगशालाले सम्पदा संरक्षण कार्यलाई वैज्ञानिक, व्यवस्थित र दिगो बनाउन मदत गने बताए ।

यस्तै प्रयोगशाला उद्घाटनमा लुम्बिनी प्रदेशका सामाजिक विकास मन्त्री जन्मजय तिमिल्सिनाले लुम्बिनी विश्वभरका करोडौं श्रद्धालुहरूको पवित्र तीर्थस्थल मात्र नभइ प्राचीन सभ्यता समेत भएकाले प्रयोगशालाले सम्पदाको संरक्षण गर्ने बताए ।

समारोहमा बुद्ध फाउण्डेसनका कार्यकारी निर्देशक सुम्निमा उदासले नेपाललाई सांस्कृतिक सम्पदा संरक्षणको क्षेत्रमा एक अगुवाका रूपमा स्थापित गर्ने उद्देश्यले अत्याधुनिक संरक्षण प्रयोगशाला सञ्चालनमा ल्याइएको बताइन् ।

नेपालस्थित अमेरिकी दूतावासले राजदूत सांस्कृतिक संरक्षाण कोष(एएफसीपी) मार्फत् सहयोग गरी अत्याधुनिक संरक्षण प्रयोगशालाको स्थापना गरिएको हो । प्रयोगशालाले बृहत्तर लुम्बिनी क्षेत्रका पुरातात्त्विक वस्तुहरूको टुटेफुटेको जोड्ने, पुरातात्विक वस्तुहरूलाई जोगाउने काम गर्ने छ । लुम्बिनी संग्रहालयमा लुम्बिनीमा उत्खनन गरिएका इसा पूर्वको छैटौं शताब्दीदेखि इस्वी संवत्को तेस्रो शताब्दीसम्मका पक्की माटोका प्रतिमा, ढुंगाका मूर्ति, सिक्का र अन्य अवशेषहरू राखिएको छ । प्रयोगशाला सुरू भएसँगै २ जना क्यूरेटर राखिने छ ।

# समय सान्दर्भिक हुलाक सेवा ऐन ल्याउँछौं : मन्त्री गुरुङ




**सुर्खेत/मस-** सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले समय सान्दर्भिक हुलाक सेवा ऐन ल्याउने प्रतिबद्धता व्यक्त गरेका छन् । सोमबार हुलाक निर्देशनालय सुर्खेतको नवनिर्मित भवनको उद्धाटन गर्दै मन्त्री गुरुङले हुलाक सेवा पुरानै ढर्राबाट चलिरहेकाले अब यसको सेवालाई व्यापक परिवर्तन गर्नेगरी ऐन ल्याउन लागिएको जानकारी दिए ।

प्रविधिले फड्को मारिरहेको बेलामा पुरानै कानुन रहन नसक्ने उल्लेख गर्दै सरकारका प्रवक्तासमेत रहेका मन्त्री गुरुङले सेवालाई आधुनिक र प्रविधिमैत्री बनाउने स्पष्ट पारे । 'हुलाक सेवाको विकास हुन नसकेको, हुलाक पुरानै तरिकाले चलिरहेको अवस्था छ', उनले भने, 'अब यसको सेवालाई थप प्रभावकारी बनाउनका लागि नीति नै परिवर्तन हुन्छ, यसका लागि हामीले ऐन ड्राफ्ट गरिरहेका छौं । ऐन बनिसकेपछि संघीयताको मर्मअनुसार आधुनिक रूपमा हुलाक सेवा सञ्चालन हुन्छ ।'

देश संघीय गणतन्त्रमा पूरानो ऐनबाट हुलाक सेवा चलाएर प्रतिफलको आशा गर्नु गलत हुने बताउँदै उनले भने, 'कानुन छ राजा महेन्द्रको पालाको अनि हामीले परिवर्तनको अपेक्षा गरेर हुन्छर ? यतिका वर्षसम्म कति सरकार परिवर्तन भए, कानुन बनाउनुपर्छ भन्ने हेक्का किन नराखेको ?' अहिले भ्रामक सूचनाले समाज भाँडिरहेको भन्दै मन्त्री गुरुङले सरकारले यसका नियमन गर्नेगरी ल्याएको सञ्चारसम्बन्धीको विधेयक छिट्टै कानुनका रूपमा ल्याउने जानकारी गराए ।

विकासका काम अध्ययन नगरीकन गरिँदै आएको उल्लेख गर्दै मन्त्री गुरुङले देशको खर्बौं रकम खेर गइरहेको बताए । 'बसाइसराई शहर केन्द्रित हुँदैछ, प्रविधिको विकास तीव्र रूपमा अगाडि बढिरहेको छ, तर सनकको भरमा अध्ययन नगरी विकासका कामहरू गर्ने प्रवित्तिले राज्यको खर्बौं रकम नोक्सान भएको छ । विकास आवश्यकता र औचित्यका आधारमा हुनुपर्ने हो, तर त्यसो भएको छैन, यसलाई बदल्नुपर्छ', उनले भने ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव राधिका अर्यालले हुलाक सेवालाई प्रभावकारी बनाउनका लागि माग गरिएका सबै विषयलाई सम्बोधन गर्न प्रयास गरिने बताइन् । कार्यक्रममा मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका प्रमुख सचिव वीरेन्द्र यादव, सुर्खेतका प्रमुख जिल्ला अधिकारी जगतिश्वर उपाध्यायलगायतले नवनिर्मित भवनसँगै सेवालाई प्रविधिमैत्री बनाउन सुझाव दिए । कार्यक्रममा हुलाक सेवालाई प्रभावकारी बनाउन योगदान गर्ने विभिन्न निकाय तथा व्यक्तिहरूलाई सम्मानितसमेत गरिएको थियो ।

# बीमाको नाममा १८ लाख बढी हिनामिना, १ जना पक्राउ




**सूर्यप्रकाश बुढा मगर/मध्यान्ह**
रोल्पा, २९ वैशाख

जीवन बीमा गरेकाको १८ लाख बढी रकम हिनामिना गरेको आरोपमा एकजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा सल्यानको शारदा नगरपालिका-४ घर भइ हाल घोराही उपमहानगरपालिका-१५ तुलसीपुरचौकमा बस्दै आएका गणेश बस्नेत रहेका छन् ।

रोल्पाको होलेरीस्थित हिमालयन लाइफ इन्स्योरेन्सको उपशाखामा अप्रेसन सपोर्ट पदमा कार्यरत रहँदा १८ लाख ६७ हजार ७ सय १ रुपैयाँ हिनामिना गरेको आरोपमा ३१ वर्षीय बस्नेतलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय रोल्पाले जानकारी दिएको छ ।

'विश्वासघात सम्बन्धी कसुर गरेको भन्दै हामीले पक्राउ गरेका हौं'एक प्रहरी अधिकृतले भने ।

ती प्रहरी अधिकृतका अनुसार रोल्पाको होलेरी शाखामा कार्यरत हुँदा बिमितबाट बीमा रकम बुझ्ने तर कम्पनीको सफ्टवेयरमा अद्यावधिक गरेको पाइएको छ ।

'बस्नेतले आफूखुसी ५६ जना बिमितको बीमा रकम हिनामिना गरेका रहेछन् र बस्नेत घोराहीस्थित हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड लुम्बिनी उपप्रादेशिक कार्यालयमा कार्यरत रहेछन्' ती प्रहरी अधिकृतले भने । जिल्ला प्रहरी कार्यालय रोल्पाका सूचना अधिकारी प्रहरी निरीक्षक विजय चापागाईंका अनुसार आरोपित बस्नेतलाई आइतबार रोल्पा जिल्ला अदालतबाट १० दिनको म्याद थप गरी अनुसन्धान अघि बढाइएको छ ।

# १० बुँदे घोषणापत्र जारी गर्दै सकियो 'कर्णाली छोरी सम्मेलन'




**सुर्खेत/मस-** कर्णालीमा पहिलो पटक सञ्चालन गरिएको 'कर्णाली छोरी सम्मेलन-०८२' १० बुँदे घोषणापत्र जारी गर्दै समापन भएको छ ।

प्रदेश राजधानी वीरेन्द्रनगरमा शनिबार, आइतबार र सोमबार गरी तीन दिनसम्म चलेको उक्त सम्मेलन श्री ज्योति फाउन्डेसन र कर्णालीको सामाजिक विकास मन्त्रालयको आयोजनामा गरिएको थियो ।

कर्णालीका छोरी सशक्तीकरण अभियानको माध्यमबाट सचेत, सबल, सक्षम तथा आत्मनिर्भर कर्णालीका छोरीहरूको निर्माण र विकासमा सघाउ पुऱ्याउने उद्देश्यसहित उक्त सम्मेलन गरिएको फाउन्डेसका अध्यक्ष ज्योति कटुवालले बताइन् ।

सम्मेलनमा प्रदेशका ७९ वटै स्थानीय तहका दुई सय भन्दा बढी छोरीहरु सहभागी थिए । सम्मेलनमा विभिन्न शीर्षमा रहेर छोरीहरुका विषयमा छलफल तथा बहसहरु भए ।

आमाका कुरा, कर्णालीका सारथी, कर्णालीका खेलाडी छोरी, छोरीका मनका कुरा, कानुनी सेवामा कर्णालीका छोरी, स्वस्थ छोरी, स्वस्थ कर्णाली, शिक्षित छोरी किन जरुरी ?, राजनीतिमा कर्णालीका छोरी लगायतका शीर्षकहरुमा रहेर बहस तथा छलफल भएका थिए ।

घोषणापत्रमा कर्णालीका छोरीहरुको उज्वल भविष्य निर्माणका लागि बाधक बनेको बालविवाह तथा लैङ्गिक विभेद अन्त्यका लागि प्रादेशिक तथा स्थानीय तहमा बाल विवाह अन्त्यका लागि रणनीति एवम् कार्ययोजना निर्माण गरी बालिका तथा किशोरी केन्द्रित कार्यक्रम कार्यान्वयन गर्ने, विभेद विरुद्ध कानुन निर्माणमा सघाउ पुऱ्याउने लगायतका विषयहरु समेटिएका छन् ।

# अनधिकृत संरचना हटाउन निर्देशन



**काठमाडौं/मस-** जडीबुटी चोकदेखि पेप्सीकोला चोकसम्मको सडक सीमा क्षेत्रका अनधिकृत संरचना हटाउन निर्देशन दिइएको छ ।

काठमाडौं महानगरपालिका र सडक विभागले सोमबार संयुक्त सूचना जारी गर्दै जडीबुटी चोकदेखि पेप्सीकोला चोकसम्मको सडक सीमाका अनधिकृत संरचना हटाउन निर्देशन दिएका हुन् ।

'नेपाल सरकार भौतिक योजना तथा निर्माण मन्त्रालयबाट मिति २०५८/०८/१८ को राजपत्रमा प्रकाशन गरेको सूचना अनुसार काठमाडौं जडिबुटी चोक (अरनिको राजमार्ग) देखि पेप्सीकोला चोकसम्म सडकको केन्द्र रेखाबाट दायाँ बायाँ दुवैतर्फ १५ मिटर/१५ मिटर सडकको सीमा कायम रहेको हुँदा नेपाल सरकार र स्थानीय सरकारका सम्बन्धित निकायहरूबाट संयुक्त रूपमा मिति २०८२।०१।१० गते सडक सीमाको सीमाङ्कन गरी चिनो लगाइएको वा किला गाडिएको हुँदा सार्वजनिक सडक ऐन २०३१ को दफा १९ को अवज्ञा गरी उक्त स्थानमा सडकको सीमा क्षेत्रभित्र नक्सा पास बिना/नक्सा पास विपरीत निर्माण गरिएका अनधिकृत संरचनाहरू सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र सम्बन्धित व्यक्तिबाटै हटाउन/भत्काउन मुनासिव माफिकको म्याद तोकी यो सूचना प्रकाशित गरिएको छ', सूचनामा भनिएको छ ।

सूचनाअनुसार तोकिएको म्यादभित्र अनधिकृत संरचनाहरू नहटाएमा सार्वजनिक सडक ऐन २०३१ र स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा प्रचलित भवन निर्माण सम्बन्धी मापदण्ड तथा कार्यविधि र यस कार्यालयको निर्णय बमोजिम कारबाही गरिनेछ ।

# गृहमन्त्रीको साथी हुँ भन्दै धाक धम्की दिने व्यक्ति पक्राउ

**काठमाडौं/मस-** गृहमन्त्रीको साथी हुँ भन्दै धाक धम्की दिएको अभियोगमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-३ घर भएका ५० वर्षीय राज कुमार श्रेष्ठलाई शनिबार बेलुकी प्रहरीले पक्राउ गरेको छ ।

आफू गृहमन्त्रीको साथी हुँ भनि विभिन्न कार्यालयका राष्ट्रसेवक कर्मचारीहरूलाई टेलिफोनमार्फत् गाली गलौच, डरत्रास तथा धाक धम्की दिइ दैनिक काम काजमा समेत बाधा अवरोध गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनलाई काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-८ तीनदोबाटोबाट पक्राउ गरेको हो ।

उनलाई राष्ट्रसेवक कर्मचारीलाई काम काजमा बाधा विरोध गर्न नहुने कसुरमा थप अनुसन्धान तथा कारबाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

# सीमामा 'बीओपी' नहुँदा सुरक्षा चुनौती



**सुदूरपश्चिम/मस-** कञ्चनपुरको पुनर्वास नगरपालिका-८ को सीमावर्ती क्षेत्रमा सशस्त्र प्रहरी बलको 'बोर्डर आउट पोष्ट' (बिओपी) नहुँदा सुरक्षा चुनौती बढेको छ । बिओपी नहुँदा सीमामा असुरक्षित महशुस गरेको स्थानीय सिद्धराज ओझाले बताए । नेपाल-भारतबीचको खुला सीमाको फाइदा उठाउँदै चोरी तस्करी हुने र लागु औषधको ओसार पसार वृद्धि भइरहेको स्थानीयको गुनासो छ ।

सीमापारीबाट आउने आपराधिक समूहले गोठमा बाँधेका गाई र भैँसी रातीको समयमा चोरेर लैजाने गरेको स्थानीयले बताए । उनले बिओपी स्थापनाका लागि बाटोसहित दश कट्ठा जग्गा दान गरेका थिए । सशस्त्र प्रहरी बलको उपस्थितिसँगै सीमा क्षेत्रका नेपाली गाउँमा पारीबाट पस्ने हतियारसहितको समूहले रातिको समयमा डकैती, लुटपाट गर्ने पहिलेजस्तो घटना भने रोकिएको स्थानीयवासीको अनुभव छ । स्थानीय दीपेन्द्र बस्नेतले भने, 'सीमाका गाउँमा पहिलेको जस्तो डकैती र लुटपाटका घटना रोखिएका छन्, तरपनि बिओपी ठाउँठाउँमा आवश्यक छ,।'

केही वर्षअघि पुनर्वास नगरपालिकाकै सीमा क्षेत्रमा उत्पन्न विवादको क्रममा भारतीय सीमा सुरक्षा बलको गोली लागेर नेपाली युवक गोविन्द गौतमले सहादत प्राप्त गरेका थिए । सरकारले गौतमलाई शहीद घोषणा गरेको थियो ।

सशस्त्र पहरी बल नेपाल नं ३५ गण हेडक्वाटर कञ्चनपुरका प्रहरी उपरीक्षक लोकेन्द्रदेव भट्ट कञ्चनपुरको पश्चिम र दक्षिण सीमाक्षेत्रको १२ ९.५ किलोमिटर लामो भागका १७ ठाउँमा बिओपी कार्यालय स्थापना भइसकेको बताउँछन् ।

सीमा क्षेत्रमा स्थापना भएका बिओपीमा पर्याप्त स्रोत साधनको अभाव हुने गरेको छ । तत्कालीन राजा महेन्द्रको पालामा विसं २०२८मा पुनर्वास कम्पनीमार्फत् कञ्चनपुरको दक्षिणी सीमावर्ती क्षेत्रमा जग्गा, रासनपानी, कृषिजन्य औजार उपलब्ध गराएर सयौं परिवारलाई पुनर्वास गराइएको थियो ।

प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनलय
जिल्ला अस्पताल सङ्खुवासभा
खाँदबारी, कोशी प्रदेश

दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८२/०१/३०

यस जिल्ला अस्पताल सङ्खुवासभाद्वारा मिति २०८२-०१-११ गते प्रकाशित भएको सूचना अनुसार म्यादभित्र दर्ता भएका शिलबन्दी दरभाउपत्रहरु मध्ये आर्थिक प्रस्तावको मूल्यांकन गर्दा तपसिल बमोजिमको दरभाउपत्र न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही देखिन आएकोले स्वीकृतीको लागि सिफारीस भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| सि. नं. | कामको विवरण | दरभाउपत्रदाताको नाम, ठेगाना | कबोल अंक (मू.अ.कर बाहेक) | बोधार्थ |
|---|---|---|---|---|
| १ | Supply Delivery Installation of Oxygen Pipeline Contract ID-DHS/SQN/04/081/82 | श्री प्राइम हेल्थ केयर सोलुसन, विराटनगर | रु. १३,३०,०००.०० (अक्षेरुपी तेह्र लाख तिस हजार मात्र, (मू.अ.कर र पि.एस. बाहेक) | क) श्री पोष्ट मेडिकल इन्टरनेशनल प्रा.लि., काठमाडौँ<br>ख) श्री एपोलो मेड हेल्थ सोलुसन, विराटनगर<br>ग) श्री एभरेष्ट लाईन, ललितपुर |

मेडिकल सुपरीटेन्डेन्ट

## सम्पादकीय

# भागबन्डाको (अ)राजनीति

राजनीतिक स्थायित्वका लागि भनेर प्रतिनिधिसभाको पहिलो र दोस्रो दल मिलेर सरकार बनाउँदा पनि अस्थिरताको शंका कायमै देखिन्छ । नेपाली कांग्रेससहित ७ दलको समर्थनमा प्रधानमन्त्री बनेका नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले लगातार यो सरकार नढल्ने सार्वजनिक अभिव्यक्ति दिँदै आएका छन् । सरकार ढल्न सक्ने प्रचार भएकैले त्यसको खण्डन गर्नुपरेको बुझ्न गाह्रो पर्दैन । विपक्षी दलहरूले सरकार फेरिन पनि सक्ने प्रचार गर्नुलाई स्वाभाविकै मान्नुपर्छ किनकि संसदीय लोकतन्त्रमा विपक्षी शक्तिलाई 'वेटिङ गभर्मेन्ट' पनि भनिन्छ । सरकार फेर्ने प्रयत्न विपक्षीले गर्ने भएकैले सरकारमाथि जनता, संविधान र मुलुकको पक्षमा निर्णय गर्न दबाव सिर्जना हुन्छ । तर, हाम्रो राजनीतिमा अलिक बढी नै अस्थिरता छ ।

यस पटक (नयाँ वर्ष- ०८२ सुरु हुँदै गर्दा) सरकार फेरिने हल्ला अलिक बढी चल्यो किनकि विपक्षीले मात्र नभएर सत्तारूढभित्रै पनि सरकारको कार्यशैलीलाई लिएर प्रश्न उठ्यो । प्रमुख सत्ता साझेदार नेपाली कांग्रेसका पदाधिकारीहरूले नै सरकारको कार्यशैलीलाई लिएर असन्तुष्टि जनाए । महामन्त्री गगन थापाले आवश्यक परे सरकारबाट बाहिरिन पनि तयार हुनुपर्ने सार्वजनिक अभिव्यक्ति दिए । उपसभापति पूर्णबहादुर खड्काले समेत असन्तुष्टि जनाउँदा विपक्षी नेताहरूको अभिव्यक्तिलाई बल पुग्यो, जसका कारण सरकार फेरिन सक्ने शंका आमसाधारणसम्म फैलियो । यद्यपि, कांग्रेस-एमाले गठबन्धनको सरकार तत्काल नभत्किने संकेतहरू देखिन थालेका छन् । विशेषगरी कांग्रेस सभापति देउवाले सार्वजनिक रूपमै आश्वास्त पारेकाले अर्को सरकारबारे भइरहेको अनुमान तत्काललाई रोकिएको छ ।

सरकार फेरिने प्रचार र सत्तारूढभित्रै यस पटक देखिएको असन्तुष्टि भने राजनीतिक भागबन्डाका कारण सिर्जना भएको थियो । प्रहरी नेतृत्व, राष्ट्र बैंकको गभर्नरलगायत नियुक्तिमा कुरा नमिल्दा सत्तारूढभित्रै असन्तुष्टि देखिएको थियो । लामो रस्साकस्सीपछि राजनीतिक भागबन्डा मिलेको छ, र सरकारको संकट टरेको विश्लेषण भइरहेको छ । अर्थात्, भागबन्डाकै कारण वर्तमान सरकार ढल्न सक्ने अनुमान चल्यो, खण्डनमा ओली-देउवा नै उत्रनुपर्‍यो । पहिलो पटक यस्तो परिदृश्य नेपाली राजनीतिमा देखिएको होइन बरू नेपाली राजनीतिबाट हट्न नसकेको परम्परागत संकट हो जबकि सत्तारूढबीच हुने भागबन्डाकै कारण हाम्रा सार्वजनिक संस्था र संवैधानिक निकायहरू कमजोर बनिरहेको छ । लोकतान्त्रिक अभ्यासप्रति अविश्वास सिर्जना भइरहेको छ अर्थात् मुलुकको मुख्य समस्या नै राजनीतिक भागबन्डा बनिरहेको छ । अब नेतृत्व सामुन्ने सुध्रिने वा सक्किनेमध्ये एउटा मात्र विकल्प छ ।

# बजेटमा रोजगारीका एजेन्डा

*प्रत्येक वर्ष बजेटमा रोजगारीबारे धेरै गम्भीर भाषण र घोषणा हुने गरे पनि कार्यान्वयनको तहमा भने निराशाजनक अवस्था देखिँदै आएको छ...*

बजेट बहस



● विष्णु पन्त

नेपाल सरकारले प्रत्येक वर्ष १५ जेठमा उक्त आर्थिक वर्षका लागि बजेट प्रस्तुत गर्ने गर्छ । बजेट नीति, कार्यक्रम र प्राथमिकताहरूको सँगालो हो, जसमा विकासका विविध आयामहरूलाई समेटिएको हुन्छ । यिनैमध्ये एउटा महत्त्वपूर्ण र गम्भीर पक्ष हो- रोजगारी सिर्जनाको एजेन्डा । मुलुकको समग्र आर्थिक, सामाजिक र राजनीतिक स्थायित्व रोजगारीको संरचना र उपलब्धतासँग गहिरो रूपमा गाँसिएको हुन्छ । तर, विडम्बना ! प्रत्येक वर्ष बजेटमा रोजगारीबारे धेरै गम्भीर भाषण र घोषणा हुने गरे पनि कार्यान्वयनको तहमा भने निराशाजनक अवस्था देखिँदै आएको छ ।

नेपालको श्रम बजारको अवस्था बुझ्न केही तथ्यांकले महत्त्वपूर्ण भूमिका खेल्छन् । केन्द्रीय तथ्यांक विभागका अनुसार हाल देशमा करिब ५० लाख सक्रिय श्रमशक्ति छन् तर तीमध्ये करिब १२ प्रतिशत बेरोजगार छन् । अझै गम्भीर कुरा के छ भने, कुल बेरोजगारमध्ये शिक्षित बेरोजगारको प्रतिशत ३० भन्दा माथि छ ।

नेपालबाट हरेक वर्ष औसतमा ३ देखि ४ लाख युवा वैदेशिक रोजगारीमा जान बाध्य छन् । चालू आर्थिक वर्षको पहिलो ६ महिनामा मात्र वैदेशिक रोजगार अनुमति लिएर गएका युवाको संख्या २ लाख नाघिसकेको छ ।

यस सन्दर्भमा बजेटले रोजगारी सिर्जनाका लागि के-कस्ता कार्यक्रम ल्याएको छ ? भन्ने प्रश्न स्वाभाविक रूपमा उठ्छ । विगत केही वर्षको बजेट हेर्ने हो भने, हरेक वर्ष 'रोजगारी सिर्जनालाई प्राथमिकता दिने' भनिए पनि त्यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको देखिन्छ । उदाहरणका लागि, केही वर्षअघिदेखि 'प्रधानमन्त्री रोजगार कार्यक्रम' संचालनमा छ । यसको उद्देश्य भनेको बेरोजगार युवालाई कम्तीमा १०० दिनको रोजगारी उपलब्ध गराउनु हो ।

तर, तथ्यांक हेर्दा यो कार्यक्रमले देशभरका बेरोजगारलाई समेट्न सकेको छैन । कतिपय स्थानमा यो कार्यक्रम पार्टीको कार्यकर्ता व्यवस्थापन गर्ने माध्यम बनेको भन्ने गुनासासमेत आएका छन् ।

रोजगारीका कार्यक्रम ल्याउँदा मात्र पर्याप्त हुँदैन, ती कार्यक्रम लक्ष्यअनुकूल कार्यान्वयन भए वा भएनन् भन्ने प्रश्न अझ गम्भीर हुन्छ । सरकारको लक्ष्य केही लाख रोजगारी सिर्जना गर्ने भए पनि ती रोजगारीहरू कहाँ, कसरी, कस्ता सीपयुक्त श्रमशक्तिलाई लक्षित गर्दै छन् भन्ने विषय प्रस्ट हुनु जरुरी छ । विगतका बजेटमा देखिएको कमजोरी यही हो- रोजगारीलाई केवल नारा बनाउने प्रवृत्ति ।

सकारात्मक पक्ष के छ भने, केही बजेटले कृषि, पर्यटन, लघु तथा घरेलु उद्योग, सूचना प्रविधि र निर्माण क्षेत्रलाई रोजगारीको मुख्य स्रोतका रूपमा पहिचान गरेका छन् । उदाहरणका लागि, कृषि क्षेत्रमा 'एक वडा, एक कृषि प्राविधिक' योजना, 'कृषक परिचयपत्र'को अवधारणा र 'युवा लक्षित कृषि कार्यक्रम' ल्याउनेजस्ता योजनाहरू रोजगारमुखी हुन सक्ने सम्भावना बोकेका छन् । तर, यस्ता कार्यक्रम कागजमै सीमित छन् । किसान र युवालाई पहुँच नभएको अवस्थामा यिनले अपेक्षित परिणाम दिन सक्दैनन् । सूचना प्रविधिका क्षेत्रमा पनि युवा लक्षित रोजगार सिर्जनाको प्रशस्त सम्भावना छ । सरकारले हरेक वर्ष 'आईटी पार्क', 'फ्रिलान्सिङ हब', 'स्टार्टअप इन्क्युबेसन' आदिको चर्चा गर्छ । तर, यो क्षेत्र अझै पर्याप्त नीतिगत स्पष्टता र लगानी अभावका कारण सशक्त रूपमा अगाडि बढ्न सकेको छैन । यस क्षेत्रमा रोजगारी सिर्जना गर्न चाहिने पूर्वाधार, प्रशिक्षण र पहुँचमा असमानता हुँदा यो क्षेत्र पनि सीमित वर्गका लागि मात्र रोजगारीको स्रोत बन्न पुगेको छ ।




सरकारी सेवा क्षेत्र पनि एक प्रमुख रोजगारी क्षेत्र हो तर यहाँ पदपूर्ति प्रक्रिया सुस्त र अपारदर्शी हुँदा हजारौं युवाहरू बेरोजगार बस्न बाध्य छन् । लोकसेवा आयोगमार्फत हरेक वर्ष हजारौं पद खुलाउने भनिए पनि त्यो अपेक्षित मात्रामा नभएको गुनासो छ बरु पद खाली राखिने र अस्थायी वा करारमार्फत नियुक्ति दिने प्रवृत्तिले युवाहरूको भरोसा कमजोर बनाएको छ ।

समानान्तर रूपमा, निजी क्षेत्रलाई रोजगारीको प्रमुख स्रोतका रूपमा विस्तार गर्न सकिने सम्भावना धेरै छ । सरकारले निजी क्षेत्रमै रोजगारी बढाउन अनुदान, कर छुट, सहुलियतपूर्ण ऋण जस्ता नीति लिएको देखिन्छ । तर, यसको पनि कार्यान्वयन पक्ष निकै कमजोर देखिन्छ । साना तथा मझौला उद्यमलाई रोजगारीको गन्तव्य बनाउने सरकारी प्रयास कतै अलपत्र परेको देखिन्छ । खासगरी ग्रामीण क्षेत्रका युवाहरूलाई आत्मनिर्भर बनाउने योजनाहरू अझै पनि 'घोषणा'मै सीमित छन् ।

युवाशक्तिको प्रवाहलाई देशमै उपयोग गर्न सके नेपालको आर्थिक वृद्धि, उत्पादन र स्वरोजगारको अवस्था सहजै उकास्न सकिन्छ । त्यसका लागि चाहिने कुरा हो- रोजगारी सिर्जना गर्ने कार्यक्रमलाई क्षेत्रगत, स्थानगत र वर्गगत आधारमा स्पष्ट नीति र योजना बनाएर अघि बढाउनु । ग्रामीण भेगमा कृषि, पशुपालन, पर्यटन, लघु उद्योग, शहरी क्षेत्रमा सेवा क्षेत्र, आईटी, निर्माण, स्वास्थ्य र शिक्षाको क्षेत्रमा रोजगारी सिर्जनाको सम्भावना प्रशस्त छ । बजेटले यिनलाई समेट्नुपर्छ अनि मात्र रोजगारी सिर्जनाको एजेन्डा व्यवहारमा पनि प्रभावकारी बन्न सक्छ ।

अर्को महत्त्वपूर्ण पक्ष हो- सीप विकास । बजेटले 'सीपयुक्त श्रमशक्ति' निर्माण गर्ने विषयमा खासै ध्यान दिएको पाइँदैन । प्राविधिक तथा व्यावसायिक शिक्षा, तालिम केन्द्र, इन्टर्नसिप कार्यक्रम आदि विस्तार नगरी रोजगारी सिर्जनाको कुरा अर्थहीन हुन्छ । युवालाई

> युवाशक्तिको प्रवाहलाई देशमै उपयोग गर्न सके नेपालको आर्थिक वृद्धि, उत्पादन र स्वरोजगारको अवस्था सहजै उकास्न सकिन्छ । त्यसका लागि चाहिने कुरा हो- रोजगारी सिर्जना गर्ने कार्यक्रमलाई क्षेत्रगत, स्थानगत र वर्गगत आधारमा स्पष्ट नीति र योजना बनाएर अघि बढाउनु...

देशभित्रको रोजगारीका लागि तयार पार्नुपर्ने जिम्मेवारी पनि बजेटको मूलभूत एजेन्डा बन्नुपर्छ ।

यसबाहेक, वैदेशिक रोजगारको विकल्पलाई सशक्त, सुरक्षित र मर्यादित बनाउन जरुरी छ । सरकारले वैदेशिक रोजगारीबाट फर्केका युवाका लागि 'पुनर्स्थापना कार्यक्रम', 'पुनः लगानी कार्यक्रम'लगायत योजना ल्याए पनि तिनको प्रभावकारिता सीमित छ । बजेटमा यस्ता कार्यक्रमका लागि स्पष्ट बजेट विनियोजन, लक्ष्य र मापनयोग्य नतिजा प्रस्तुत गर्नुपर्छ । निष्कर्षमा, बजेटमा रोजगारीका एजेन्डा घोषणामा सीमित हुनु हुँदैन । तिनको योजना, कार्यान्वयन, मूल्यांकन र पारदर्शिता सुनिश्चित गर्न सकेमा मात्र यसले देशको समग्र विकासमा योगदान पुर्‍याउन सक्छ । रोजगारी सिर्जना गर्नु भनेको आर्थिक वृद्धिको मात्र विषय होइन; यो सामाजिक न्याय, आत्मनिर्भरता र राष्ट्रिय सम्भावनाको आधार पनि हो । त्यसैले, अबका बजेटहरूले रोजगारीलाई केवल भाषणको विषय होइन, परिवर्तनको साधनका रूपमा प्रस्तुत गर्न सक्नुपर्छ ।

## इतिहासमा आज

१३ मे २०११ मा पाकिस्तानको चारसद्दा जिल्लामा भएको बम विस्फोटमा परी ९८ जनाको ज्यान गएको थियो ।



१३ मे २०१२ मा मेक्सिकन संघीय राजमार्ग ४० मा मेक्सिकन अधिकारीहरूले ४९ वटा टुक्राटुक्रा भएका शवहरू फेला पारेका थिए, जसले मेक्सिकन स्तब्ध बनेको थियो ।




१३ मे २००६ मा ब्राजिलका धेरै जेलहरूमा एकै पटक विद्रोह भएको थियो, जसले देशको प्रशासकीय संयन्त्रलाई निकै सकसमा पुर्‍याएको थियो ।



१३ मे २००५ मा उज्वेकिस्तानको एन्डिजान जेल तोडफोडको घटनापछि सेनाले गोली चलाउँदा झण्डै २०० जनाको ज्यान गएको थियो, जहाँ सयौं घाइते भएका थिए ।



# शिक्षा क्षेत्रलाई कसरी सुधार गर्ने ?

विचार



● अनन्तप्रसाद घिमिरे

> *वर्षौंसम्म बहस हुँदै आएको नयाँ शिक्षा ऐन अहिले पनि कानुन बन्ने प्रतीक्षामा छ । यो ऐनले शिक्षामा आवश्यक संरचनागत, व्यवस्थापकीय र गुणात्मक सुधार ल्याउने अपेक्षा गरिएको थियो । तर, अहिलेसम्म पनि ऐन संसद्को ढोकाभित्र प्रवेश गर्न सकेको छैन...*

शिक्षा भन्नेबित्तिकै हाम्रो मानसपटलमा उज्यालो, चेतना र समृद्धिको चित्र उभिन्छ । तर, ज्ञानको ज्योति फैलाउने र राष्ट्र निर्माणमा योगदान दिने यो क्षेत्र अहिले स्वयं अन्योल र अन्धकारमा अल्झिएको छ । नेपालको शिक्षा क्षेत्र दशकौंदेखि सुधारका नाममा नारा, नाराका नाममा नीति र नीतिका नाममा बहसमा सीमित भइरहेको अवस्था विद्यमान छ । वर्षौंसम्म बहस हुँदै आएको नयाँ शिक्षा ऐन अहिले पनि कानुन बन्ने प्रतीक्षामा छ । यो ऐनले शिक्षामा आवश्यक संरचनागत, व्यवस्थापकीय र गुणात्मक सुधार ल्याउने अपेक्षा गरिएको थियो । तर, अहिलेसम्म पनि ऐन संसद्को ढोकाभित्र प्रवेश गर्न सकेको छैन । यसले शिक्षा क्षेत्र सुधार नहुनुको मूल कारणहरू अझ स्पष्ट पारेको छ ।

हाल संचालनमा रहेको विद्यालय शिक्षा ऐन, २०२८ आजको समयअनुकूल छैन । त्यो ऐन एकात्मक राज्य प्रणालीको सोचमा आधारित थियो, जुन अहिले संघीय संरचनासँग मेल खाँदैन । देशमा शासन प्रणाली फेरिएको, प्रविधिमा क्रान्ति आएको, जनसंख्या बढेको र सामाजिक बनोट बदलिएको अवस्थामा शिक्षा कानुन पनि रूपान्तरण आवश्यक थियो तर शिक्षाको आत्मा अझै पुरानै कानुनी खोलभित्र थुनिएको छ ।

### नयाँ शिक्षा ऐनको आवश्यकता

नयाँ शिक्षा ऐन संघीय संरचनामा शिक्षा कसरी संचालन गर्ने भन्ने कुरामा मार्गदर्शन दिनुपर्ने थियो । यस ऐनमार्फत निम्न कुरा सुनिश्चित गर्न सकिन्थ्यो -

*क) संघ, प्रदेश र स्थानीय तहको शिक्षासम्बन्धी भूमिका स्पष्ट पार्ने ।*

*ख) शिक्षक सेवा संरचना व्यवस्थित गर्ने ।*

*ग) पाठचक्रम, मूल्यांकन, तालिम, पहुँच र गुणस्तरमा सुधार ल्याउने ।*

*घ) निजी विद्यालयको नियमन गर्ने र सार्वजनिक विद्यालयलाई पुनः विश्वासिलो बनाउने ।*

*ङ) प्रविधि, अनुसन्धान र नवप्रवर्तनलाई शिक्षासँग जोड्ने ।* तर, यी सबै लक्ष्य राजनीतिक असहमति, स्वार्थ र निर्णयको अकर्मण्यतामा थुनिएका छन् ।

### को बाधक ?

शिक्षा ऐन बनाउन असफल हुनुको मूल कारण हो- राजनीतिक हस्तक्षेप । शिक्षक संगठनहरूको गुटगत स्वार्थ, निजी विद्यालय संचालकहरूको दबाब, संघीय संरचनासम्बन्धी अस्पष्टता र राजनीतिक दलहरूको अदूरदर्शिता मिलेर ऐन निर्माण प्रक्रिया नै निष्क्रिय बनाएको छ । विद्यालय व्यवस्थापन समितिमा समेत राजनीतिक भागबन्डा हाबी छ । शिक्षक नियुक्तिदेखि शिक्षालयको दैनिक प्रशासनसम्म पनि दलको प्रभाव देखिन्छ । यस्तो अवस्थामा शिक्षा सुधारका नाममा आएका प्रयासहरू आफ्नै जरा काट्ने कुचो सावित भएका छन् ।

नेपालमा शिक्षा २ ध्रुवमा विभाजित छ- सार्वजनिक र निजी । निजी विद्यालयहरू चम्किला भवन, अंग्रेजी माध्यम, प्रविधियुक्त कक्षा र महँगो शुल्कसहित चम्किरहेका छन् तर सरकारी विद्यालयहरू अझै शिक्षकको अभाव, जर्जर पूर्वाधार, पाठ्यपुस्तकको ढिलाइ र कम स्रोत-साधनमा गुजारा गरिरहेका छन् । नयाँ शिक्षा ऐनले यी २ धाराबीच सन्तुलन कायम गर्ने, न्यूनतम गुणस्तरको सुनिश्चितता गर्ने छ भन्ने आशा राखिएको थियो तर ऐन नआउँदा शिक्षामा सामाजिक विभाजन गहिरिँदै गएको छ ।

सँगै, हाम्रो पाठ्यक्रम अझै रटन प्रणालीमा आधारित छ । विद्यार्थीले परिक्षामा उत्तर लेख्न सिक्छन्, बुझ्न र प्रयोग गर्न होइन । प्रयोगात्मक विषयहरू कागजमै सीमित छन् । विज्ञानको शिक्षा प्रयोगशालाशिना, गणित सूत्रको प्रयोगबिना, भाषा शिक्षा अभिव्यक्तिको अभ्यासबिना भइरहेको छ । मूल्यांकन प्रणाली अंक केन्द्रित छ, जसको सोच अंकभन्दा गहिरो छ, उसले असफल ठहरिने शिक्षा प्रणाली कत्तिको न्यायपूर्ण ?

### प्रेरणाविहीन शिक्षण

शिक्षा सुधारका मेरुदण्ड शिक्षक नै हुन् । तर, नेपालको शिक्षण पेसा अझै पनि प्रेरणाविहीन, अपहेलित र असुरक्षित देखिन्छ । सरकारी विद्यालयका शिक्षकहरू राजनीतिक दबाब, सरुवा समस्या जस्ता जटिलतामा फसेका छन् । निजी विद्यालयका शिक्षकहरू न्यून पारिश्रमिक, अधिकारविहीनता र अस्थायित्वमा छन् । शिक्षकलाई तालिम नदिई, स्रोत नदिई, प्रेरणा नदिई उनीहरूबाट गुणस्तरीय शिक्षा आशा गर्नु आफैंमा अन्याय हो ।

अर्कातर्फ, संविधानले स्थानीय तहलाई शिक्षासम्बन्धी अधिकार दिएको छ । तर, त्यो अधिकारलाई उपयोग गर्न आधारभूत संरचना, दक्ष जनशक्ति र कानुनी स्पष्टता आवश्यक थियो । नयाँ शिक्षा ऐनले यही खाँचो पूरा गर्ने अपेक्षा गरिएको थियो । तर, ऐन नभएकाले स्थानीय तह शिक्षा संचालनमा अझै अन्योलमा छन् । पाठचक्रम निर्माण, शिक्षक नियुक्ति, परीक्षा संचालन जस्ता विषयमा संघ, प्रदेश र स्थानीय तहबीच समन्वय नहुनुले शिक्षा क्षेत्रमा भ्रम र अस्थिरता सिर्जना गरिरहेको छ ।

### निष्कर्ष

शिक्षा क्षेत्र सुधार केवल कानुनी विषय होइन, संकल्पको विषय हो । यो सुधार तब सम्भव हुन्छ, जब नीति निर्माताले शिक्षालाई राजनीतिक स्वार्थभन्दा माथि राख्छन् । शिक्षक, विद्यार्थी, अभिभावक, समुदाय सबैको सहभागिता सुनिश्चित हुन्छ ।

नयाँ शिक्षा ऐन पारित गरी त्यसको प्रभावकारी कार्यान्वयन, शिक्षकको व्यवस्थापन र विकास, पाठ्यक्रमको आधुनिकीकरण, र डिजिटल शिक्षाको प्रवर्धनबाट मात्र नेपालको शिक्षामा गुणात्मक फड्को सम्भव छ । विद्यार्थीहरूको भविष्य राष्ट्रको भविष्य हो ।


शिक्षालाई व्यापार, राजनीति र प्रयोगको साधन बनाउनु हाम्रो साझा अपराध हुने छ । अब नयाँ शिक्षा ऐन पारित गरौं तर त्यसभन्दा अघि शिक्षाको मर्म बुझौं । शिक्षा सुधारका कुरा अब शब्द होइन, संकल्पका रूपमा चित्रित हुनुपर्छ ।

## सामाजिक सञ्जाल



**डम्बर खतिवडा**

ललिता निवासदेखि पतञ्जली आयुर्वेद जग्गा प्रकरणसम्मले प्रस्ट गर्छ- माधवकुमार नेपालजीका सदाचारका गफ कति झुटा र पाखण्डपूर्ण रै'छन् । अख्तियारको क्षेत्राधिकारभित्र छैन भने सबै 'पाप' पखालिने हो ? नैतिक दायित्व हुन्न ? कानुन र राज्य संयन्त्रसँग चिटिङ गर्दैमा कोही नागरिकको आँखामा बच्न सक्दैन ।



**यादव देवकोटा**

अदालत, निर्वाचन आयोग, मानवअधिकार आयोग, राष्ट्र बैंक, धितोपत्र बोर्ड, मन्दिर व्यवस्थापन समितिमा समेत दलको झोले नियुक्त गर्नेहरू योजनाबद्ध प्रकारले लोकतन्त्र कमजोर बनाउन कटिबद्ध तत्त्व हुन् । संस्थाहरूको लोकतान्त्रीकरण नगरी लोकतन्त्र कसरी बलियो हुन्छ ?



**दीपक पौडेल**

केपी ओलीले दिनदिनै राजा र राजावादीहरूलाई गाली गर्नुको कारण के होला ? विगत ३-४ महिनादेखि हरेक दिन गाली नगरेको दिन छैन । एमालेमा गाह्रो पर्‍यो कि भित्र केही लाग्यो कि ओलीलाई साँच्चिकै किन यत्ति रिस उठेको होला ? अरू नेता बोलेको, गाली गरेको त्यति सुनिन्नँ ! किन होला ?



**रोशन शिवाकोटी**

भारत-पाक युद्धमा कुनै एकको जित हुँदैन, दुवैको हार मात्र हुने हो । अघिल्लो कारगिल युद्धमा पनि दुवै पक्षले ठूलो क्षति बेहोरेका थिए । सबै हिसाबले हाम्रो निकटता भारतसँग भए पनि युद्धमा नेपालले कुनै एउटाको पक्ष/विपक्ष हुनु देशको हितमा छैन । नेपाल आफैं भारत प्रायोजित आतंकवादपीडित देश हो ।

मध्यान्ह दैनिकका लागि लेख, विचार, टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुने छ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइने छ । - सं.

# ‘संघीयता सवलीकरणका लागि प्रदेशलाई बलियो बनाउनुपर्छ’

**सूर्यप्रसाद भुसाल/मध्यान्ह**
भालुवाङ, २९ वैशाख



लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले संघीयताको सवलीकरणका लागि प्रदेशलाई बलियो बनाउन आवश्यक रहेको बताएका छन् ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमलगायतका विषयमा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (यूएनडीपी) का आवासीय प्रतिनिधि क्योको योकोसुसँगको भेटमा मुख्यमन्त्री आचार्यले प्रदेश तह आत्मनिर्भरताको बाटोमा अघि बढेको र पूर्णरूपमा आत्मनिर्भर नहुञ्जेल साझेदारहरूको साथ र सहयोग आवश्यक रहेको बताए ।

‘संघीयताको हामी अहिले अभ्यासमा छौं, यो नेपालमा विल्कुल नयाँ संरचना अन्तर्गत प्रदेश हो । प्रदेशलाई आत्मनिर्भर बनाउन खोजेका छौं । सुरुमा कानुन निर्माण गर्ने काम भयो । अब संघीयताको सवलीकरणका लागि प्रदेशलाई बलियो बनाउने गरी भूमिका बढाइरहेका छौं’ मुख्यमन्त्री आचार्यले भने,‘ अहिले प्रदेश र स्थानीय सरकार बलियो बन्दै गएका छन् । सरोकारवालाहरूको भावना समेटेर अघि बढ्न महत्वपूर्ण सहयोग भएको छ । कार्यक्रमको क्षेत्र अझै विस्तार गर्नुपर्ने देखिन्छ । सरसफाइको क्षेत्रमा नमुना काम भएको जानकारीमा छ । अब क्षेत्र विस्तारमा पनि ध्यान दिन तपाईंहरुको सहयोग अपरिहार्य छ ।’

मुख्यमन्त्री आचार्यले प्रदेश सरकार सुशासन कायम गर्ने र भ्रष्टाचार न्यूनीकरण गर्ने अभियानमा प्रतिबद्ध रहेको पनि स्पष्ट पारे ।

यूएनडीपीकी आवासीय प्रतिनिधि क्योको योकोसुले लुम्बिनी प्रदेश सरकारसँग विभिन्न क्षेत्रमा सहकार्य जारी रहेको र संघीयता सवलिकरणका लागि दोस्रो चरणको कार्यक्रम सुरू भएको जानकारी दिएका थिए । उनले प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रममार्फत प्रदेश र स्थानीय सरकारको सवलीकरणलाई प्राथमिकतामा राखिएको जानकारी गराउँदै संस्थागत क्षमता वृद्धि गर्नु, सेवा प्रवाहमा पारदर्शिता र प्रभावकारिता ल्याउनु, तथा समावेशी र सहभागी शासन प्रणालीलाई मजबुत बनाउने गरी कार्यक्रम अघि बढिरहेको उल्लेख गरे ।

# एभरेस्ट टोस्टमास्टर्स कतारले मनायो सयौं बैठक उत्सव

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा कतार, २९ वैशाख




सन् १९२४ देखि सुरुवात भएको टोस्टमास्टर्सको एक शाखाको रूपमा रहेको एभरेस्ट टोस्टमास्टर्स कतारले आफ्नो सयौं बैठकको उत्सव मनाएको छ ।

नेपाली टोस्टमास्टर्सका रूपमा स्थापना गरिएपनि पछिल्लो समय टोस्टमास्टर्स अन्तर्राष्ट्रियसँग जोडिएपछि कतारमा रहेका नेपालीहरूले संचालन गरेको क्लबले डिस्ट्रिक्ट लेभलको मान्यता पाएसँगै थप हौसलासहित ‘ए टु हन्ड्रेट’मिटिङको उत्सव मनाएको हो । सयौं बैठक कतारका लागि नेपाली राजदूत रमेश चन्द्र पौडेलको प्रमुख आतिथ्यतामा विभिन्न गतिविधि गर्दै मनाइएको छ ।

बैठकमा बोल्दै राजदूत पौडेलले कतारमा टोस्टमास्टर्सले क्षमता अभिवृद्धिमा गरेको योगदानको प्रशंसा गरे । विश्वभरका मानिसहरूलाई सहयोगी बनिरहेको टोस्टमास्टर्समार्फत नियमित रूपमा हरेक प्रकारका अभ्यास र मूल्यांकनको माध्यमबाट आत्मविश्वास पूर्वक कुराकानी गर्न प्रेरित गर्नु र विश्वव्यापी समुदायमा सामेल हुनुनै मुख्य उद्देश्य रहेको छ ।

खास गरी निर्धारित समयमा सुरू हुने बैठकमा मोबाइल साइलेन्ट गराउँदै बैठकको सञ्चालन गर्न सुचारु गर्ने गरिन्छ भने आसपासमा बसेका व्यक्तिहरूसँग आवाज निकालेर कुरा गर्न पनि मनाही गर्ने गरिन्छ । प्रमुख अतिथि बाहेक कसैलाई पनि आसन ग्रहण नगराइ सुरू गरिने कार्यक्रममा अंग्रेजी भाषाको मात्र प्रयोग गरिन्छ । प्रत्येक बैठकमा फरक-फरक अंग्रेजी शब्दको प्रयोग गरिन्छ । जुन ‘ वर्ड अफ दि डे’ का रूपमा रहने गर्दछ भने हरेक बैठकमा करिब आधा दर्जन नयाँ पुराना सहभागीलाई नयाँ नयाँ शीर्षक प्रदान गर्दै कम्तीमा एक र बढीमा अढाई मिनेट भित्र ‘वर्ड अफ दि डे’ लाई समेट्दै आफ्ना विचार राख्ने अवसर दिइन्छ जुन सिकाइ र बुझाइको मुख्य मेरुदण्ड हुने गर्दछ । समयको पालना कति गर्दै वक्ताहरूले आफ्ना धारणा राखे भन्ने कुरादेखि आफ्ना धारणा राख्दै गर्दा सोही शब्दलाई कति ठाउँमा प्रयोग गरे । वक्ताले भन्ने कुरा समेत निक्यौल गर्न विज्ञको व्यवस्था गरिएको हुन्छ । सयौं बैठकमा विभिन्न देशका टोस्टमास्टरहरुले नेपाली टोस्टमास्टरदेखि एभरेस्ट टोस्टमास्टर हुँदै सय बैठक पुरा गर्दै गर्दा नेपालीहरूले भोगेका कठिनाइ र सफलताको चर्चा गरेका थिए ।

विशेष वक्ताका रूपमा रहेकी निशा शिवरामले पब्लिक स्पिकरमा आफ्नो अनुभव साट्दै सक्दिन डर लाग्छ भन्ने सोचलाई टोस्टमास्टर्समार्फत चिर्न सकारात्मक ऊर्जा प्रदान गरिन् । नयाँ र पुराना गरी करिब ५० जना सहभागी भएको बैठक आइतबार साँझ सल्वारोडमा अवस्थित मर्जा रेस्टुरेन्टमा सम्पन्न भएको हो । व्यक्तिगत क्षमता अभिवृद्धिलाई केन्द्रमा राखेर संचालन हुने बैठकको सहजीकरण सतिस शाहले गरेका थिए भने क्लबका अध्यक्ष मोहमद नुरेनले आभारसहित समापन गरेका थिए ।

# पाटनमा उच्च सरकारी वकिल कार्यालयको भवन शिलान्यास




**काठमाडौं/मस-** महान्यायाधिवक्ता रमेश बडालले उच्च सरकारी वकिल कार्यालय, पाटनको भवन शिलान्यास गरेका छन् ।

बुद्धजयन्तीको अवसरमा सोमबार बडालले भवन शिलान्यास गरेका हुन् । उच्च अदालत पाटनका कामु मुख्यन्यायाधीश लालबहादुर कुँवरले कार्यालयको कामको बोझलाई ध्यानमा राख्दै नयाँ भवन निर्माणले कार्यमा सहजता ल्याउने विश्वास व्यक्त गरे ।

लगभग २६ करोड रुपैयाँ लागतमा निर्माण सुरू भएको यो आधुनिक साततले भवन उच्च सरकारी वकिल कार्यालय, पाटनको हुनेछ ।

कार्यक्रममा महान्यायाधिवक्ताको कार्यालयका नायब महान्यायाधिवक्ता, सहन्यायाधिवक्ता, उपन्यायाधिवक्ता, सहायक न्यायाधिवक्ता, ललितपुरका प्रमुख जिल्ला अधिकारी, उच्च अदालत पाटनका न्यायाधीश, रजिष्ट्रार, जिल्ला प्रहरी परिसर ललितपुरका प्रमुख, उच्च अदालत पाटन बार इकाईका अध्यक्षलगायत उपस्थित थिए ।

# काठमाडौं-रेसुंगा उडान सातामा ३ पटक




**तम्घास/मस-** यात्रुको चाप बढेसँगै गुल्मीको रेसुङ्गा विमानस्थलबाट हप्तामा ३ पटक उडान हुने भएको छ । विगत केही समययता साप्ताहिक उडान भर्दै आएपनि यात्रुको चाप हेरेर आइतबार, मंगलबार र बिहीबार गरी हप्तामा ३ पटक सेवा दिने रेसुङ्गा विमानस्थल स्टेशन प्रमुख सुमन थापाले जानकारी दिए ।

नेपाल एयरलाइन्सका जहाज अभावका कारण सेवा नियमित हुन सकेको थिएन । नेपाल एयरलाइन्सको टुइनेटर जहाजमार्फत सेवा सञ्चालन हुँदै आएको छ । नेपाल एयरलाइन्सका जहाज मर्मतपछि नियमित उडान पुनः सुरु गरेको हो । रेसुङ्गा-काठमाडौंका लागि ७ हजार ८० र काठमाडौं-रेसुङ्गा ७ हजार २८० भाडादर कायम छ । मौसम खराबी र जहाज अभाव देखाएर नियमित उडान हुनसकेको थिएन । हप्तामा ३ दिन हुने उडानले गुल्मेलीमा उत्साह छाएको स्थानीय मनोज कार्कीले बताए । निगमको १८ सिट क्षमताको जहाजले बिहान ६:१० बजे काठमाडौंबाट रेसुङ्गा र बिहान ७:१५ बजे रेसुङ्गाबाट काठमाडौंका लागि उडान गर्ने गरी समय निर्धारण गरेको छ ।

# डाँका चोरीमा संलग्न ८ जना पक्राउ



**काठमाडौं/मस-** डाँका चोरीमा संलग्न रहेको अभियोगमा ८ जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा काठमाडौं महानगरपालिका-२६ ठमेल बस्ने नवलपरासी पूर्व गैंडाकोट नगरपालिका-२ घर भएका २४ वर्षीय अनिष केसी, सोही नगरपालिका-११ हर्कपुर घर भएका २५ वर्षीय दिप्सन भन्ने विवेक मल्ल ठकुरी, देवचुली नगरपालिका-१६ घर भएका २३ वर्षीय सन्दिप परियार, चितवन भरतपुर महानगरपालिका-१८ घर भएका २५ वर्षीय अतित क्षेत्री, सोही महानगरपालिका-११ घर भएका २४ वर्षीय सन्दिप विक, सोही महानगरपालिका-१० घर भएका २२ वर्षीय बादल तामाङ, काठमाडौं टोखा बस्ने लमजुङ घर भएकी १९ वर्षीया सक्रिया खान र काठमाडौं कपन बस्ने सुनसरी धरान उपमहानगरपालिका-१७ घर भएकी २४ वर्षीया कबिता राई रहेकी छन् ।

काठमाडौं महानगरपालिका-१४ कलंकीस्थित होटल मेन्सको कोठा नम्बर ४०२ मा प्रवेश गरी आफू प्रहरी हुँ भनि पीडितहरूलाई डरत्रास देखाई बोले कराएमा मारी दिने तथा विभिन्न मुद्दामा समेत फसाई दिने जस्ता धाक धम्की दिइ बैंक खाता र ईसेवामा रकम पठाउन लगाई तथा नगदै रकम ३ लाख ६३ हजार रूपैयाँ समेत डाँका चोरी गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय टेकुबाट खटिएको प्रहरीले उक्त कार्यमा संलग्न उनीहरूलाई पक्राउ गरेको छ । साथै प्रहरीले उनीहरूको साथबाट नगद ५२ हजार रूपैयाँ र उनीहरूले प्रयोग गरेको बागमती प्रदेश ०२-०५३ प ९८७८ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । उनीहरूलाई आवश्यक अनुसन्धान तथा कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौं पठाइएको छ ।

# बेवारिसे सवारी साधन हटाउने अभियान सुरु




**वीरगञ्ज/मस-** वीरगञ्ज महानगरले सार्वजनिक स्थानमा अव्यवस्थित राखिएका बेवारिसे सवारी साधन र उपकरण हटाउन अभियान सुरू गरेको छ ।

महानगरले सडक, फुटपाथ र अन्य सार्वजनिक स्थानलाई सफा र हरियाली बनाउन बेवारिसे सवारी साधन व्यवस्थापन गर्न थालेको हो । सोमबार वीरगञ्ज-२२ जगरनाथपुरमा सडकको फुटपाथमा २ वर्षदेखि बेवारिसे राखिएको पुरानो रोलर मेसिन हटाइएको छ । नगर प्रहरी र सरसफाइ टोलीले दुई क्रेनको सहायताले रोलर हटाएको नगर प्रहरी इन्चार्ज हरि भुसालले बताए ।

महानगरले बसपार्क क्षेत्रमा चालू नरहेको एउटा बस र एउटा ट्रक पनि हटाइएको छ । ती सवारीसाधनलाई डम्पिङ साइटमा लगिएको छ । गत बुधबार पनि वीरगञ्ज बसपार्क क्षेत्रमा २ बेवारिसे बस हटाइएको थियो । महानगर प्रमुख राजेशमान सिंहले पटकपटक सूचना जारी गर्दा पनि सवारीसाधन नहटाएपछि महानगरले अभियान थालेको बताए ।

सडक, फुटपाथ, चोक, उद्यान, बसपार्क र अन्य सार्वजनिक स्थानमा अव्यवस्थित र प्रयोगविहीन सवार ीसाधन तथा संरचनाले सहरको सौन्दर्य र नागरिक आवागमनमा बाधा पुगेका कारण यो अभियान चलाइएको हो ।

प्रमुख सिंहले वीरगञ्जलाई सफा, सुरक्षित, सुन्दर र आधुनिक सहर बनाउने अभियान थालेको बताए । ‘सहर हामी सबैको साझा घर हो । नागरिकले नियम पालना गरेमा हामी वीरगञ्जलाई व्यवस्थित महानगर बनाउन सक्छौं,’उनले भने । महानगरले यात्रु, पैदलयात्री, साना व्यवसायी, ट्राफिक प्रहरी, यातायात व्यवसायी र स्थानीय बासिन्दासँग सहकार्यमा यो अभियान चलाएको छ ।

# बज्रयोगिनी साधना केन्द्रले मनायो १०औं राष्ट्रिय योग दिवस



**काठमाडौं/मस-** काठमाडौं तारकेश्वर नगरपालिका ४ लोलाङ्गमा संचालित बज्रयोगिनी योग साधना केन्द्रले १० औं राष्ट्रिय योग दिवस भव्य रुपमा मनाएको छ । तीन दिवसीय कार्यक्रमको आयोजना गर्दै पहिलो दिन पुस २८गते फरक क्षमताका व्यक्तिहरुसँग योग, पुस २९ गते दोस्रो दिन योग साधन र दर्शनका विषयमा सत्सङ्ग र माघ १ राष्ट्रिय योग दिवसका दिन प्रोटोकल अनुसारका योग साधना गर्नुका साथै तारकेश्वर नगरमा रहेका मठमन्दिर परिसरको बृहत् सरसफाइ गर्दै कार्यक्रम सम्पन्न गरेको हो ।

तेस्रो दिनको कार्यक्रममा युवा समिति नेपालको समेत सहकार्य रहेको थियो । कार्यक्रमको अध्यक्षता केन्द्रका अध्यक्ष सुमन थापाले गरेका थिए ।

पतन्जली योग तारकेश्वर नगर समितिका उपाध्यक्ष जगनाथ ज्ञावालीको प्रमुख आतिथ्यतामा भएको कार्यक्रममा नगर योग कमिटीका (मिडिया प्रभारी) प्रचार-प्रसार संयोजक कमल पन्त, नगर योग कमिटी सदस्य केदार अधिकारी, सल्लाहकार बिष्णु तिवारी, युवा समिति नेपालका कुमार श्रेष्ठ लगायतले १०औं योग दिवसको शुभकामना मन्तव्य राखेका थिए । संस्थाकी उपाध्यक्ष मैयाँ केसीले उपस्थित सबैमा धन्यवाद ज्ञापन गरेकी थिइन् । कार्यक्रको संचालन संस्थाका सचिव राजेन्द्र घिमिरे सागरले गरेका थिए ।

कार्यक्रममा संस्थाका अध्यक्ष सुमन थापाले तीन दिवसीय कार्यक्रमको भव्यताले उत्साह जगाएको बताउँदै फरक क्षमता भएका व्यक्तिहरुमा योग पुऱ्याउने हाम्रो अभियान अन्तर्गत दृष्टिविहीनहरुसँग योग ध्यान गर्नुका साथै बज्रयोगिनी योग साधना केन्द्रको तर्फबाट केही खाद्य सामग्रीहरु समेत सहयोग गरेको बताए ।

उनले हरेक मानिसभित्र भएका नकारात्मक सोच, विचार हटाउँदै सकारात्मक सोचको विकास गर्न, स्वस्थ शरीर र आनन्दित मन बनाउन योग ध्यान प्राणायाम जन-जनमा पुऱ्याउन आफू निरन्तर लागि रहने प्रतिबद्धता गरे ।

यस्तै युवा समिति नेपालकातर्फबाट कुमार श्रेष्ठले बज्रयोगिनी योग साधना केन्द्रको सक्रियताको प्रशंसा गर्दै पटक-पटक सहकार्य गर्न पाएकोमा खुशी व्यक्त गरे । प्रमुख अतिथि जगतनाथ ज्ञावालीले योग ध्यानको बारेमा भनाइ राख्दै सबै योग साधक साधिका र गुरुजनहरुमा १० औं राष्ट्रिय योग दिवसको शुभकामना व्यक्त गरे । कार्यक्रममा विभिन्न साधना केन्द्रका प्रतिनिधिका साथै साधक साधिकाको उपस्थिति रहेको थियो ।

# बिहेमा खाजा खाँदा १०० बढी बिरामी

**जनकपुर/मस-**धनुषाको मिथिला विहारी नगरपालिका-८ ठेरा कचुरीका नरेश महराको छोरीको बिहेमा खाजा खाँदा जन्तीसहित १ सय भन्दा बढी बिरामी परेका छन् ।

जनकपुरधाम उपमहानगरपालिका-२३ बिन्धीबाट आइतबार राति ठेरा कचुरीमा पुगेको जन्ती स्वयम्बर सकिएपछि खाजामा बुनियाँ, रसबरीलगायतका अनिय मिस्ठान्न खाएको केही समयपछि पेट दुख्ने, बान्ता हुने, कमजोर हुन थालेको जिल्ला जनस्वास्थ्य कार्यालय प्रमुख उमेश यादवले बताए ।

६० जनाभन्दा बढी प्रादेशिक अस्पतालमा भर्ना भएको र अन्यको नजिकको अस्पतालमा उपचार भइरहेको प्रमुख यादवले बताए । केही भने उपचारपश्चात् निको भएर घर फर्किसकेका छन् । ‘खाजामै प्वाइजन भएर बिरामी परेको हाम्रो अनुमान छ । घटनास्थल पुगेर हामीले खाजाको नमुना ल्याएका छौं । परीक्षणका लागि प्रयोगशालामा पठाएको र परीक्षण गरेर के कारणले भएको हो भन्ने पुष्टि हुन्छ,’ यादवले भने ।

**सर्टिफिकेट हराएको सूचना**

बल्खुबाट एकान्तकुनासम्म जाने क्रममा २०८२/०१/१० गते मेरो निम्न व्यहोरा भएको कक्षा Bachelor Degree को Certificate हराएको हुँदा पाउनुहुने महानुभावले निम्न ठेगाना वा नजिकको प्रहरी कार्यालयमा बुझाई दिनुहुन विनम्र अनुरोध गर्दछु ।
**नाम : नविन विष्ट**
**Reg. No. : 3-2-23-91-2014**
**S. No. : 15715/58**
**Mobile : 9843457154**

**कम्पनीको नाम परिवर्तन भएको सूचना**

**(दोस्रो पटक प्रकाशित मितिः २०८२/०१/३० गते)**

साविक मनाङ्ग एयर प्रा. लि. (प्रा. लि. नं. १०४०५२) को मिति २०८१/०९/२८ गते सम्पन्न बार्षिक साधारण सभाको विशेष प्रस्तावमा भएको निर्णयले कम्पनीको नाम परिवर्तन गरी अभिलेख/स्वीकृतिको लागि पठाएकोमा कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वरको मिति २०८२/०१/११ गतेको निर्णय अनुसार स्वीकृती प्राप्त भई वेसक्याम्प हेलिकप्टर प्रा. लि. कायम गरीएको छ । साविकको कम्पनीको नाममा रहेको चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने सम्पूर्ण कर दायित्व आदि सवै परिवर्तित वेसक्याम्प हेलिकप्टर प्रा. लि. ले सकार्ने व्यहोर्ने भएकाले सम्बन्धित सवैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**वेसक्याम्प हेलिकप्टर प्रा. लि.**
का. म. पा.-३१, काठमाडौं
प्रा. लि. नं. १०४०५२

**साउदीमा रोजगार**
कम्पनी : INMAA GENERAL CONTRACTING EST — शहर : Riyadh
पूर्व स्वीकृत मितिः २०८२/०१/२३ — चलानी नं.: ६०२३७६२५ — L.T. No.: 323214

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Load & Unloading Workers | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**युएईमा रोजगार**
कम्पनी : YUVASHREE TECHNICAL SERVICES CO. LLC — शहर : UAE
पूर्व स्वीकृत मितिः २०८२/०१/२४ — चलानी नं.: ६०२३७६२४ — L.T. No.: 323379

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Carpenter | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४४,५३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Steel Fixer | 4 | 0 | | 1200 | ४४,५३२ | | | | | | | |
| 3. | Stone Mason | 3 | 0 | | 1200 | ४४,५३२ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८२ जेठ ६ गते (20 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | कामदारले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**Fast Employment Service (P.) Ltd.**
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Gov. Lic No. 1399/074/075
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com

मध्यान्ह
www.madhyanhadaily.com

३० वैशाख २०८२ मंगलबार
13 May 2025, Tuesday

# 'के घर के डेरा : घर नं. २'मा शहरको मौलिक कथा

**काठमाडौं/मस–** चलचित्र 'के घर के डेरा : घर नं. २' शहरको मौलिक कथा भएको यसका कलाकार तथा निर्देशकले बताएका छन् । निर्देशक दीपेन्द्र के खनाल, अभिनेता खगेन्द्र लामिछाने र अभिनेत्री केकी अधिकारीले शहरको मौलिक कथामा 'के घर के डेरा : घर नं. २' बनेको बताए ।

गाउँका कथा मात्र मौलिक कथा होइनन् भन्ने बुझ्न जरुरी रहेको अभिनेता खगेन्द्रको तर्क छ । शहरका कथा पनि मौलिक हुनेमा उनको जोड छ ।

'नेपालीका कथा सबै मौलिक हुन्, चाहे त्यो गाउँको कथा होस् वा शहरको', शुक्रबार पत्रकारसँगको अन्तरक्रियामा उनले भने, 'गाउँ आएर शहरमा संघर्ष गर्ने तर प्रत्यक्ष कनेक्सन गाउँसँग भएका कथा मात्रै मौलिक कथा हुन् भन्ने गलत भाष्य छ । यो तोडिनुपर्छ ।'

शहरमा धनी मान्छे मात्र बस्छन् भन्ने गलत बुझाइ रहेको उनी बताउँछन् । 'शहरमा गाउँको भन्दा चरम गरिबी पनि छ । शहरी गरिबी झन् डरलाग्दो छ', उनी भन्छन्, 'काठमाडौंमा बिजुलीको बिल तिर्न नसक्ने घरभेटी पनि छन् । त्यसैले, शहरका कथा पनि हाम्रै हुन् ।'

निर्देशक दीपेन्द्र के खनाल सीमित क्षेत्रफलभित्र ठडयाइएको भौतिक संरचना मात्र घर होइन । घर बन्न भावना र सम्बन्ध चाहिने उनको भनाइ छ । उनी भन्छन्, 'गाउँमा बाँच्न गर्न सहज छ । सबैले सबैलाई चिनेको हुन्छ । सहयोग गर्छ । तर, शहरमा कसैलाई चिन्दैन । घर टाँसिएका छन्, मन टाँसिएको हुँदैन । त्यसैले, मेरा अधिकांश सिनेमा शहरका कथामा हुन्छन् । मलाई शहरका कथा भन्न मन लाग्छ । यी सबै कथा मौलिक हुन् । मौलिक सिनेमा हुन् ।'

आफ्नै छुट्टै कथा र आर्कमा 'के घर के डेरा : घर नं. २' बनेको उनले बताए । पशुपतिको केही दृश्य देखिए पनि धेरै कथा पशुपतिमा नभएको उनले प्रस्ट पारे ।



अभिनेत्री केकी अभिकारीले अर्गानिक कथा भन्नेबित्तिकै गाउँकै कथा र गाउँकै सेटअप भन्ने भाष्य रहेको भन्दै यो गलत बुझाइ भएको बताइन् ।

'अमेरिकामा बसेर नासामा काम गर्ने नेपालीको कथा पनि नेपाली मौलिक कथा हो । नेपाली साइन्स फिक्सन पनि नेपाली कथा हो', उनले भनिन्, 'अब गाउँ मात्रै होइन यतातर्फ पनि कथा भनिनुपर्छ । गाउँ, शहर, विदेशका नेपालीका कथा पनि हाम्रै हुन् ।'

'के घर के डेरा : घर नं. २'को आत्मा लेखक र निर्देशक रहेको उनले बताइन् । साहित्यको नजिक रहेका कथा लेख्न बुद्धिसागर र सबैले मनपराउने कथा भन्ने निर्देशक नै सिनेमाको मुख्य पक्ष र आकर्षण भएको उनको भनाइ छ ।

एउटै छतामुनि आइपुगेका हरेक पात्रको कथा भए पनि कसरी एउटै कथासँग कसरी जोडिन्छन्, त्यो नै सिनेमाको महत्त्वपूर्ण पक्ष भएको उनले बताइन् ।

'के घर के डेरा : घर नं. २'ले २ जेठमा रिलिज हुँदै छ । चलचित्रको कथा साहित्यकार बुद्धिसागरले लेखेका छन् । उनको यो पहिलो स्क्रिप्ट हो ।

चलचित्रमा खगेन्द्र लामिछाने, निश्चल बस्नेत, उपासनासिंह ठकुरी, आर्यन सिग्देल, केकी अधिकारी, प्रकाश घिमिरे, सृजना नापित, संजोग रसाइली, रुविना घिमिरे, सुरज बिष्टलगायत कलाकारलगायतको अभिनय छ ।

चलचित्र एप्पल इन्टरटेन्मेन्ट, ए प्लस इन्टरटेन्मेन्ट तथा नटराज क्रिएसनको प्रस्तुतिमा निर्माण भएको हो ।

सिनेमामा कृष्णबहादुर थापाको छायांकन छ । 'के घर के डेरा : घर नं. २'को कार्यकारी निर्माताका रूपमा युवराज कार्की छन् । निर्मातामा नकिमउद्दिन, शरद् श्रेष्ठ र किरण महर्जन छन् ।

# 'रिमै' २७ भदौमा

**काठमाडौं/मस–** खिलबहादुर गुरुङको निर्देशनमा निर्माण भएको फिल्म 'रिमै'को फर्स्ट लुक पोस्टर सार्वजनिक गर्दै प्रदर्शन मिति घोषणा गरिएको छ । सोमबार बुद्धजयन्तीको अवसर पारेर सार्वजनिक ३ पोस्टर सार्वजनिक गरिएको छ । पोस्टरसँगै फिल्म आगामी २७ भदौदेखि विश्वव्यापी प्रदर्शनमा आउने जानकारी गराइएको छ ।

सार्वजनिक ३ पोस्टरमध्ये पहिलो पोस्टरमा अभिनेता दयाहाङ राई र रिस्मा गुरुङ प्रस्तुत छन् भने दोस्रो पोस्टरमा उनीहरूसँगै अभिनेत्री गौमाया गुरुङलाई पनि देखाइएको छ । तेस्रो पोस्टरमा दयाहाङ, रिस्मा र गौमायासहित सबैजसो मुख्य कलाकारहरूलाई देखाइएको छ । सार्वजनिक पोस्टरले गुरुङ संस्कारअनुसार पात्रहरूलाई प्रस्तुत गरिएको बुझ्न सकिन्छ । यी ३ पोस्टरले सिनेमाप्रति दर्शकमाझ उत्साह पैदा गर्ने विश्वास निर्माण टिमको छ ।

गोरखा सिरानचोक एन्ड लिगलिगकोट फिल्म्स प्रा. लि.को प्रस्तुति र रोटेपिङ इन्टरटेनमेन्टको सहकार्यमा निर्माण भएको सिनेमामा दयाहाङ राई, रिस्मा गुरुङ, बुद्धि तामाङ, गौमाया गुरुङ, अर्पण थापा, कविता आले मगर, माओत्से गुरुङ, पुष्कर गुरुङ, वीरमाया गुरुङ, वीरबल घले, डीबी गुरुङ, टेक गुरुङ र बालकलाकार असीम सुब्बा, प्रेस्टु गुरुङ र प्रश्ना राना मगरलगायतको अभिनय छ । उपेन्द्र सुब्बाको लेखन रहेको सिनेमालाई शैलेन्द्रध्वज कार्कीले छायांकन गरेका हुन् । वीरबल घले कार्यकारी निर्माता रहेको सिनेमामा टीका गुरुङ, जित यात्री गुरुङ र दुनबहादुर घले निर्माता तथा बिनु गुरुङ, रोशन भट्टराई र राजेश घिमिरे सहनिर्माताका रूपमा छन् । सिनेमामा दीपक शर्मा र थानेश्वर गौतमको संगीत, किरण चाम्लिङ राई मुख्य सहायक निर्देशक, विष्णु मैनाली प्रोडक्सन म्यानेजर र मित्र डी गुरुङको सम्पादन छ ।




# निशा केसीको 'औलैमा जुनेली बुट्टा'

**काठमाडौं/मस–** वैदेशिक रोजगारीका लागि अस्ट्रेलियामा रहेकी म्याग्देली लोक तथा दोहोरी गायिका निशा केसीले 'औलैमा जुनेली बुट्टा' बोलको नयाँ गीत बजारमा ल्याएकी छन् ।

विशेषगरी गण्डक क्षेत्रमा प्रचलित मगर समुदायको लबजलाई टपक्क टिपेर रत्यौली भाकामा ढाल्दै केसीले नै सिर्जना गरेको लयमा सर्जक तथा गायक शिव हमालले प्रेमिल कथामा शब्दजाल बुनेका छन् ।

नोकझोकसहितको प्रेम गीतमा केसीसँगै चर्चित गायक खेम सेन्चुरीको स्वर छ । विश्वास नेपालले संगीत संयोजन गरेको गीतको म्युजिक भिडियोमा नायक तथा मोडल पुष्पबहादुर खड्का र नारायणी खत्रीको आकर्षक नृत्य देख्न सकिन्छ ।




मौसम हिमालीले निर्देशन गरेको म्युजिक भिडियोको सम्पादन मनोज कार्कीले गरेका हुन् भने भिडियो गायिका केसीको आफ्नै युटचुब च्यानलमार्फत सार्वजनिक भएको छ ।

सामाजिक संजाल टिकटकमा गीतलाई निकै रुचाइएको छ । केही वर्षदेखि निरन्तर नयाँ गीत सार्वजनिक गर्दै आएकी गायिका केसीले 'औलैमा जुनेली बुट्टा'लाई पनि दर्शकले थप रुचाउने विश्वास व्यक्त गरिन् ।

## कर्मचारी हटाईएको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Pritam Employment Pvt. Ltd.** (**श्रम इजाजत पत्र नं. १४६८/०७४/०७५**) मा कार्यरत निम्न कर्मचारीहरु यस कम्पनीमा हटाईएको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निज व्यक्तिसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा ७ दिनभित्र सम्पर्क गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| सि.नं. | नाम | पद |
|---|---|---|
| १ | राम बहादुर राई | प्रोपाईटर |
| २ | केदार राई | प्रोपाईटर |
| ३ | राज कुमार राई | प्रोपाईटर |
| ४ | मनिका राई | कर्मचारी |
| ५ | शिक्षिका अपागाई | कर्मचारी |
| ६ | धन मोक्तान | कर्मचारी |
| ७ | वि के कृष्ण मगर | कर्मचारी |

**Pritam Employment Pvt.Ltd.**
Sinamangal-9, Kathmandu (In Front of Airport Gate)
Govt. Lic. No.: 1468/074/75
Tel No: + 9771-4112782 | Email: pritamemployment2018@gmail.com

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय संचालन गर्न इजाजत प्राप्त यस **Nimbus Global Human Resource Pvt. Ltd.** (**श्रम इजाजत पत्र नं. १३७६/०७४/०७५**) मा कार्यरत निम्न कर्मचारीहरु यस कम्पनीमा नरहेको व्यहोरा सर्वसाधारणको जानकारीका लागी यो सूचना प्रकाशित गरिएको छ । साथै निज व्यक्तिसँग यस कम्पनीको हैषियतमा कोही कसैले यस कम्पनीसँग सम्बन्धित कुनै पनि किसिमको कारोबार नगर्नु/नगराउनु होला । यदि गरे गराएमा यस कम्पनी जवाफदेही नहुने व्यहोरा पनि यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै कोही कसैको केही गुनासो भएमा यस कम्पनीको कार्यालय वा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा ७ दिनभित्र सम्पर्क गर्नुहुन यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

| S.N. | Name | Citizenship No |
|---|---|---|
| 1 | Laxman Giri | 1067 |
| 2 | Cheruna (Magar) Pulami | 29593 |
| 3 | Puran Giri | 693 |
| 4 | Asmita Chhetri | 05557 |

**NIMBUS GLOBAL HUMAN RESOURCE PVT. LTD.**
Gov. Lic No. 1376/074/075
Samakhusi Town Planning, Kathmandu, Nepal, Contact No: +977-1-5919671/4970504
Email: info@nimbusglobalhr.com, Web: www.nimbusglobalhr.com

## Invitation for Online Sealed Quotations

### Sanugurigadhi Rural Municipality

### Office of the Rural Municipal Executive

**Koshi Province, Dhankuta**

**Date of publication: 2082/01/30 (13th May, 2025)**

1. Sangurigadhi Rural Municipality, Bhedetar, Dhankuta invites online Bids from Nepalese eligible bidders for following works under National competitive bidding (NCB) Single Stage Single Envelope System Bidding Procedure. Bidders may obtain further information from the PPMO web Portal website: www.bolpatra.gov.np/egp with Public Entity Name: Sangurigadhi Rural Municipality, Office of the Rural Municipal Executive, Bhedetar, Dhankuta. www.sangurigadhimun.gov.np.

| Contract Identification no. | Description | Estimated Amount (With VAT) | Bid Doc. Fee NRs. | Bid Security NRs | Deadline for Bid Submission | Deadline for Bid Opening Date |
|---|---|---|---|---|---|---|
| SRM/SQ/ Works/01/2081/082 | Construction of Karyalaya Parisar Nirman (Block and Gate Etc.) | 19,99,487.39 | 1,000.00 | 55,000.00 | 12:00 Hrs of 28th May, 2025 | 13:00 Hrs of 28th May, 2025 |

**Chief Administrative Officer**

## लम्कीचुहा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय

भल्का, कैलाली
सुदूरपश्चिम प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**सूचना प्रकाशित मिति : २०८२/०१/३०**

मिति २०८१/१२/२६ गते प्रथम पटक प्रकाशित बिद्युतिय बोलपत्र आव्हानको सूचना अनुसार निम्न कार्यका लागि पर्न आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिमका बोलपत्रदाताहरुको न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही बोलपत्र स्वीकृतिको लागि मुल्यांकन समितिबाट सिफारिस भई आएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ र सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि.नं. | ठेक्का नं. | आयोजनाको नाम/कामको विवरण | छनौट भएका बोलपत्रदाताको नाम र ठेगाना | कबोल रकम रु. (मू.अ. कर सहित) |
|---|---|---|---|---|
| १. | 16/LCM/W/2081/082 | Baghaniya Club ghar dekhi Ring Road Pipal Chautara samma naalaa sahit kalopatre | Shree Karnali Construction & Engineering Manma-5, Kalikot | 97,14,372.6 |

**प्रमुख प्रशासकीय अधिकृत**

## कर्मचारी नरहेको सूचना

नेपाल सरकारबाट बैदेशिक रोजगार व्यवसाय सँचालन गर्न इजाजत प्राप्त यस **Nepal Hr Solution Pvt.Ltd.** (**श्रम इजाजत पत्र नं. १०८२/०७३/०७४**) मा कार्यरत निम्न कर्मचारीहरु हाल यस कार्यालयमा कार्यारत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि कार्य/आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ र यदि यसो गरे/गरायमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दावी विरोध भएमा ७ दिनभित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभागमा सम्पर्क गर्नहुन अनुरोध गरिन्छ ।

| क्र. स. | नाम | पद | स्थायी ठेगाना | नागरिकता न. |
|---|---|---|---|---|
| १ | मोनालिसा राज साह | डकुमेन्टेसन अफिसर | सुन्दरपुर-३, सर्लाही | १९१०३६/३२९ |
| २ | पबित्रा कुमारी खड्का | डकुमेन्टेसन अफिसर | बेल्टार बसाहा-३, उदयपुर | १४-०१-७३-०२८४२ |
| ३ | रेश्मा शाही | डकुमेन्टेसन अफिसर | खानीगाउँ-१, नुवाकोट | २५-०१-७३-०४२६१ |
| ४ | रोशन खड्का | डकुमेन्टेसन अफिसर | जनकपुर, धनुषा | ७५७२२९८० |
| ५ | पुजा थापा | डकुमेन्टेसन अफिसर | मेचीनगर-४, झापा | ०४-०१-७१-०३९६१ |

**Nepal HR Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १०८२/०७३/०७४
Sinamangal-09, Kathmandu, Nepal, Tel.: 01-4593554, Email :- snepalhr@gmail.com

## साउदीमा रोजगार

कम्पनी: **DAMATH FIRST COMPANY LIMITED** — शहर : **RIYADH**
पुर्व स्वीकृत मिति: २०८१/१०/०७ — चलानी नं.: ६०२३१५९३ — L.T. No.: 317306 — पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker/ Helper | 3 | 0 | स. काममा दक्ष | 1000 | ३६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **SAAD MUTAQ MOHAMMED AL-QAHTANI FOUNDATION** — शहर : **RIYADH**
पुर्व स्वीकृत मिति: २०८२/०१/२७ — चलानी नं.: ६०२३७६१४ — L.T. No.: 323594

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६५,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **AZM AL-AFAQ OPERATION & MAINTENANCE COMPANY** — शहर : **Jeddah**
पुर्व स्वीकृत मिति: २०८२/०१/२४ — चलानी नं.: ६०२३७६१७ — L.T. No.: 323270

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | loading and unloading worker/ helper | 20 | 0 | स. काममा दक्ष | 1000 | ३६,३४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: **BADR ABBAD AL-OTAIBI CONTRACTING COMPANY** — शहर : **Riyadh**
पुर्व स्वीकृत मिति: २०८२/०१/२४ — चलानी नं.: ६०२३७६१६ — L.T. No.: 323350

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 5 | 0 | स. काममा दक्ष | 1800 | ६५,४१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## कतारमा रोजगार

कम्पनी: **LIGHT AL GHARAFA TRADING CONTRACTING AND CLEANING** — शहर : **Doha**
पुर्व स्वीकृत मिति: २०८२/०१/२६ — चलानी नं.: ६०२३७६१५ — L.T. No.: 323529

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Business Executive | 1 | 0 | स. काममा दक्ष | 3500 | १२९,३६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cashier | 2 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 3. | Electric Tech | 4 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 4. | Foreman | 2 | 0 | | 2500 | ९२,४०० | | | | | | | |
| 5. | General Accountant | 1 | 0 | | 3600 | १३३,०५६ | | | | | | | |
| 6. | Labour | 3 | 0 | | 1100 | ४०,६५६ | | | | | | | |
| 7. | Male Secretary | 1 | 0 | | 2100 | ७७,६१६ | | | | | | | |
| 8. | Marketing Represent | 2 | 0 | | 3500 | १२९,३६० | | | | | | | |
| 9. | Mason Brick/plaster | 1 | 0 | | 1500 | ५५,४४० | | | | | | | |
| 10. | Ordinary Labours | 2 | 0 | | 1100 | ४०,६५६ | | | | | | | |
| 11. | Plaster Labor | 1 | 0 | | 1500 | ५५,४४० | | | | | | | |
| 12. | Sales Supervisor | 1 | 0 | | 3000 | ११०,८८० | | | | | | | |
| 13. | Site Supervisor | 1 | 0 | | 3000 | ११०,८८० | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८२ जेठ ६ गते (20 May 2025) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवा शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाताले | कामदारले तिर्ने | रोजगारदाताले | रोजगारदाताले | रु. २३०८ कामदारले | रोजगारदाताले | रोजगारदाताले | रु. ७०० कामदारले | रु. १,५०० कामदारले | रु. १०,००० कामदारले |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**अल-हरमैन एच.आर. प्रा. लि.**
श्रम इजाजत पत्र नं.: ११६०/०७३/०७४
पो.ब.नं. २१२५३, सिनामंगल-९, काठमाडौं, नेपाल, फोन: ०१-४५८४८१०
Email: alharmainhr18@gmail.com, info@alharmain.com.np, Web: www.alharmain.com.np

# कर्णालीका खेलाडी छोरीको पीडा
# 'राज्यले वास्तै गर्दैन'

**कुलेन्द्र शाही/मध्यान्ह**
सुर्खेत, २९ वैशाख




जाजरकोटकी कामना विष्ट भलिबल खेलाडी हुन् । उनले प्रदेश हुँदै राष्ट्रिय तथा अन्तरर्राष्ट्रियस्तरका ठूला भलिबल प्रतियोगितामा सहभागिता जनाएर कर्णालीको नाम उच्च पारेकी छन्।

जाजरकोट सदरमुकाम खलंगाकी विष्टको परिवारका धेरै जसो सदस्यहरू कुनै न कुनै खेलसँग आवद्ध छन्। यसै कारणले पनि उनलाई खेलप्रति रुचि जागेको हो । र भलिबलको कुशल खेलाडी बन्न पुगिन् । जाजरकोटबाट सुरु भएको उनको खेल यात्रा विभागीय टिम नेपाल पुलिस क्लबमा आवद्ध भएपछि निखारिएको छ ।

शनिबारदेखि वीरेन्द्रनगरमा तेस्रो दिन जारी श्री ज्योति फाउण्डेशनद्वारा आयोजित 'कर्णालीका खेलाडी छोरी' सत्रमा आफ्ना खेल जीवनका अनुभव सुनाइन्। सानै उमेरको रुचिले खेल क्षेत्रमा लागेकी उनी यही क्षेत्रमा खेलसँगै आफ्नो भविष्य उज्जवल बनाउन भने निकै चुनौती झेल्नु परेको छ ।

'स्कुलदेखि नै खेल खेल्थें। खेल भनेको केही पाउनका लागि मात्र खेलिदैन' विष्टले भनिन्, 'हामीलाई खेलले अनुशासन सिकाउँछ। खेल खेलेर के हुन्छ ?'

उनका अनुसार कुशल खेलाडी बन्न पनि धेरै चुनौति छ । 'हाम्रा समस्याहरू पनि थुप्रै छन् । प्रशिक्षणदेखि प्राविधिक पक्षमा महिलालाई निकै चुनौती झेल्नु परेको छ', सत्रका सहजकर्ता पत्रकार मधुवन विसीले खेलकुदमा छोरीका सम्भावना र चुनौतीका विषयमा राखेको प्रश्नको जवाफ दिदै विष्टले भनिन् ।

अन्तर्राष्ट्रियस्तरमा भएका अभ्यासको तुलनामा नेपाली महिला धेरै पछाडि रहेको उनको अनुभव छ ।

प्रतिस्पर्धा गरिने सबै खेलमा जित हासिल गर्न नसकिनुका पछाडि यावत कारण जोडिने बताउदै उनले नेपाली महिला भलिबलको प्रदर्शन जहिले पनि उत्कृष्ट नै रहेको बताइन । 'निरन्तरको प्रशिक्षणले मेडल आउँछ भन्न सकिदैन । प्राविधिक रूपमा व्यवस्थित प्रशिक्षण, सेवा र सुविधाको व्यवस्थित परिचालन गर्न नसकिए नतिजा हासिल गर्न मुस्किल पर्छ,' विष्टले भनिन् ।

यस्तै, सुर्खेतकी एलिसा रास्कोटी कराते खेलाडी हुन्। उनले पनि खेलाडी भएर निकै चुनौतीको सामना गरिरहनु परेको छ । छोरा सरह छोरीले पनि खेल्न सक्छन भन्ने प्रमाणित गर्न खेल क्षेत्रमा लागेकी उनले पनि ठुला प्रतियोगिताका मेडल उचालेकी छन्। तर उनलाई पनि आर्थिक अवस्थादेखि कर्णालीको खेलकुद पूर्वाधार देखेर दिक्क लाग्छ । 'कर्णालीमा पूर्वाधार तथा आर्थिक अवस्था कमजोर हुँदा खेलाडीहरू अगाडि बढ्न सकेको अवस्था छैन। प्रदेश सरकारले यस विषयमा ध्यान पुऱ्याउनै सकेको छैन,' उनले भनिन् ।

आर्थिक समस्याकै कारण महिला खेलाडीलाई पलायन हुनुपर्ने बाध्यता रहेको उनले सुनाइन । सत्रमा सहभागी हम्लाकी फुटबल खेलाडी दीपा शाहीको अनुभुतिमा पनि सरकार कहीँ भेटिएन । मेहनतका साथ खेलिएको खेलबाट मेडल उचाल्दा अन्य प्रदेशले खेलाडीलाई उच्च सम्मान गर्ने गरेको उल्लेख गर्दै उनले कर्णाली प्रदेश सरकारले यहाँका खेलाडीलाई चिन्नै नसकेको गुनासो गरिन् ।

सरकारले नेपाली खेल र खेलाडीप्रति हेर्ने दृष्टिकोणका कारण आफ्नो मनोबल उच्च हुन नसकेको उनको दाबी छ। कर्णाली प्रदेशमा आयोजना हुने भनिएको दशौं राष्ट्रिय खेलकुदमा सहभागि हुने तयारीमा रहेकी उनलाई सरकारको कार्यशैली कत्ति पनि चित्त बुझेको छैन ।

'हाम्रो प्रदेशमा गएको मंसिरमै हुने भनिएको दशौं राष्ट्रिय खेलकुद अहिलेसम्म हुन सकिरहको छैन । कर्णालीमा पूर्वाधारको कमी छ, त्यो बनाउन पर्छ । राम्रो प्रशिक्षणको अभाव छ, त्यसलाई पनि व्यवस्थित बनाउनु पर्दछ। तर अनेक बहानाले कर्णालीमा खेलकुदका गतिविधिहरू रोकिनु हुँदैन,' उनले भनिन् । राज्यले खेलकुद इतिहासकै ठूलो प्रतियोगिता आयोजना गर्न नसक्नु आफैमा लज्जास्पद भएको उल्लेख गर्दै उनले यसबाट खेलाडीहरू निराश हुन पुगेको बताइन् । खेलाडीलाई खेल क्षेत्रमा आकर्षण गराउन निरन्तर प्रतियोगिता भइ राख्नु पर्ने तर्क उनले राखिन ।

श्री ज्योति फाउण्डेशन र कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयको आयोजनामा शनिबारदेखि छोरी सम्मेलन जारी छ । कर्णालीमा पहिलो पटक आयोजना गरिएको सम्मेलनमा कर्णालीका ७९ वटै पालिकाकाबाट झण्डै २ सय बढी छोरीहरू सहभागी थिए ।

# विराट कोहलीद्वारा टेस्ट क्रिकेटबाट संन्यास घोषणा



